कालीगण्डकी गाउँपालिका स्याङ्जाद्धारा आ व २०८०/०८१ मा सञ्चालन तथा कार्यान्वयन भएका योजना/कार्यक्रमहरूको

# सामाजिक परीक्षण (Social Audit) प्रतिवेदन २०८२


## कालीगण्डकी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## विर्घा, स्याङ्जा

फोन नं. ९८५६००००७०,९८५६००००७१

*Email: kaligandakiruralmunicipality@gmai.com*
*info@kaligandakimunsyangja.gov.np*

| | |
|---|---|
| प्रतिवेदनको शीर्षक: | *कालीगण्डकी गाउँपालिका स्याङ्जाको सामाजिक परीक्षण प्रतिवेदन, २०८२* |
| गाउँपालिका: | *कालीगण्डकी गाउँपालिका, विर्घा, स्याङ्जा* |
| समन्वय र सहयोग: | *कालीगण्डकी गाउँपालिका, विर्घा, स्याङ्जा* |
| परामर्शदाता सँस्था: | *कृतज्ञ इन्जिनियरिङ प्रा.लि. काठमाण्डौं* |
| मिति: | *असार २०८२* |

# विषय सूची


परिच्छेदः एक ........................................................................ १
१.१ पृष्ठभूमि ........................................................................ १
१.२ गाउँपालिकाको संक्षिप्त परिचय ........................................................................ ३
१.३ सामाजिक परीक्षणको उद्देश्य ........................................................................ ५
१.४ सामाजिक परीक्षणका आधार ........................................................................ ५
१.५ सामाजिक परीक्षणको सीमा ........................................................................ ६
परिच्छेदः दुई ........................................................................ ७
२ १. सामाजिक परीक्षणको संस्थागत समन्वय ........................................................................ ७
२.२ सामाजिक परीक्षण विधि ........................................................................ ७
२.३ सामाजिक परीक्षणका चरणहरू ........................................................................ ८
२.४ सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुती कार्यक्रम सञ्चालन ........................................................................ ९
२.५ आचारसंहिता ........................................................................ १०
परिच्छेदः तीन ........................................................................ १२
३.१ सामाजिक परीक्षणको लक्ष्य ........................................................................ १२
३.२ क्रियाकलापहरू ........................................................................ १२
३.३ कार्यक्रम अवधि ........................................................................ १३
३.४ सामाजिक परीक्षण कार्यक्रममा सहभागी भएको जनशक्ति ........................................................................ १३
३.५ अनुगमन, मूल्याङ्कन र व्यवस्थापन ........................................................................ १३
३.६ कालीगण्डकी गाउँपालिकाको प्राथमिकता र आवश्यकताका महत्वपूर्ण विषयहरू ........................................................................ १३
परिच्छेदः चार ........................................................................ ३१
अनुसन्धनात्मक भाग ........................................................................ ३१
४.१ बृहत छलफल कार्यक्रमहरूको विवरण ........................................................................ ३१
४.२ गत आर्थिक वर्षको यथार्थ आयव्ययको विवरण ........................................................................ ३१
४.३ गत आ. व. २०८० /०८१ को योजनागत विवरण ........................................................................ ३२
४.४ योजना तथा कार्यक्रमहरूको वृस्तीत विवरण ........................................................................ ३३
४.५ सम्पादित मुख्य मुख्य उपलब्धीहरू ........................................................................ ५२

परिच्छेदः पाँच .................................................................................................... ५५
सामाजिक परीक्षणका निष्कर्षहरू .................................................................................. ५५
५.१ सामाजिक परीक्षणले औंल्याएका सवालहरू.................................................................. ५६
५.२ सवालहरू सम्बोधन.................................................................................................. ५७
५.३ सुझावहरू............................................................................................................... ५७
माइन्यूट..................................................................................................................... ६०
कार्यक्रमका तस्विरहरु................................................................................................... ६१

# परिच्छेदः एक

## १.१ पृष्ठभूमि

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय स्तरमा गठित स्थानीय सरकारहरूलाई स्वायत्त हुनेगरि धेरै अधिकार दिएको छ । कानुनको तर्जुमा गर्ने देखि कानुन कार्यान्वयन गर्ने, नीति तथा कार्यक्रम वार्षिक रुपमा तय गर्ने देखि कार्यक्रम र बजेट तर्जुमा गरी जनताका माग बमोजिमका योजनाहरू कार्यान्वयन गर्ने अधिकार अहिले स्थानीय सरकारसँग रहेको छ । यतिका धेरै अधिकारहरूको उपयोग तथा प्रयोग गर्ने अधिकार लिएको सरकारले गरेका हरेक क्रियाकलापहरूका बारेमा जनतालाई थाहा हुन पाउनु अनिवार्य हुन्छ । यसले स्थानीय सरकारलाई सुशासन कायम गर्ने र गरिबी न्यूनीकरण गर्ने कार्यमा मार्गदर्शनको कार्य गर्दछ ।

स्थानीय तहहरूलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाई सेवा प्रवाह तथा विकास निर्माणका कार्यलाई गुणस्तरीय एवं जनमुखी बनाउन स्थानीय तहबाट हुने सम्पूर्ण कामकारवाहीहरूको जनस्तरबाट अनुमोदन गराउनका लागि सामाजिक परीक्षण गर्नु वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ को उपदफा (५) तथा कालीगण्डकी गाउँपालिका, विर्घा, स्याङ्जाको एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धी तथा कार्यसम्पादनको लेखाजोखाका लागि वर्षमा एक पटक सामाजिक परीक्षण गर्नुपर्ने हुन्छ। सामाजिक परीक्षणका सैद्धान्तिक र व्यवहारिक पक्षलाई समेट्दै गाउँपालिकालाई ऐन तथा नियमावलीले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार सञ्चालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी वहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकलाई आधार मानी लेखाजोखा गरिएको छ ।

स्थानीय स्तरमा भए गरेका कामकारवाहीको जनताप्रति सामाजिक उत्तरदायित्व वहन गर्नका लागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये सामाजिक परीक्षण पनि एक हो । स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम २०१ को उपनियम (१) मा सामाजिक परीक्षणको व्यवस्था गरिएको छ । सामाजिक परीक्षण स्थानीय तहको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य हो । सार्वजनिक रकम प्रति सार्वजनिक रुपमा सो खर्च गर्ने तह तथा अधिकारी उत्तरदायी हुनुपर्ने सामान्य मान्यताको विकास हो । खर्च गर्ने तह वा अधिकारीले

माथिल्लो तह प्रति जिम्मेवारी हुनुपर्ने कानूनी प्रावधान र अनुगमनका  व्यवस्थाहरू प्रचलनमा भएता पनि लाभग्राही करदाता तथा समुदाय प्रतिको जबाफदेहीता गौण मानिदै आएको अवस्थालाई हामीले  स्विकार्नु पर्दछ । सामाजिक परीक्षण कुनै पनि आयोजनाबाट जनताले कति फाइदा प्राप्त गर्न सके भनेर मूल्याङ्कन गर्ने महत्वपूर्ण औजार हो । विकास जनताले जनताको लागि भन्ने सुशासनको मर्मसँग यसले नजिकको सम्बन्ध राख्दछ । सामान्य परिभाषा अनुसार सामाजिक परीक्षण सामाजिक कार्य सम्पादनको परीक्षण हो । जसमा सरोकारवलाहरूले सामाजिक कार्यसम्पादनमा भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । आर्थिक लेखा परीक्षण र सामाजिक परीक्षण बिच केही समानताहरू छन् । यी दुवैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ तर तात्त्विक फरक के हो भने सामाजिक परीक्षणमा कार्यपालिका सदस्य, कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्मता सबैलाई स्थानीय तहको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ भने आर्थिक लेखा परीक्षणमा लेखा परीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् ।

समाजिक परीक्षण वर्षमा एक पटक मात्र गर्ने गरिन्छ। स्थानीय तहबाट एक आर्थिक वर्षमा सम्पादित कामहरूले सामाजिक उपलब्धिहरू कति सम्म प्राप्त गर्न सके सोको विश्लेषणबाट सामाजिक प्रभाव सम्मको अवस्थाको आकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी हुन्छ।सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय तहलाई ठूलो टेवा पुग्ने देखिन्छ । यसैको आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यको लागि यसका निश्कर्षहरूले सघाउने छन् । कालीगण्डकी गाउँपालिकाद्धारा गत आ.व. २०८०/८१ मा सम्पन्न भए गरेका योजना/कार्यक्रमहरूको सामाजिक प्रभाव के पर्यो र त्यसको मूल्याङ्कन गरी आगामी आ.व. मा सोही प्रकारको नीति तथा कार्यक्रम तर्जुमा गर्ने उद्देश्यले कानुनमा व्यवस्था भए बमोजिम सामाजिक परीक्षण गरी यो प्रतिवेदन तयार गरिएको छ।

## १.२ गाउँपालिकाको संक्षिप्त परिचय



गण्डकी प्रदेशको सुदुर पश्चिम स्याङ्जामा अवस्थित यो गाउँपालिका स्थानीय निकाय पुनर्संरचना आयोगले साबिक श्रीकृष्णगण्डकी, बिर्घा, आलमदेबी र चण्डीभञ्ज्याङ गाविस मिलाएर बनाईएको हो ।यस गाउँपालिकाको नाम कालीगण्डकी नदीबाट नामाकरण भएको हो । कालीगण्डकी नदीले यस क्षेत्रलाई ऐतिहासिक र सांस्कृतिक रूपमा महत्वपूर्ण बनाएको छ साथै यसले गाउँपालिकाको थप प्राकृतिक सौन्दर्य प्रदान गरेको छ । तीनतिरबाट कालीगण्डकी नदीले परिबेष्ठीत भै धार्मिक भूमि प्रसिद्व धार्मिक स्थल आलमदेवी मन्दिर, कालीगण्डकी शिला शालिग्रामको सामिप्यता, भृगुतुङ्गेश्वर मन्दिर, सीता गुफा, हिले सिद्वबाबाको अर्जुन दृष्टी, रुरु क्षेत्रको निकट यो भूमि आफैमा ऐतिहासिक एवं आध्यात्मिक दृष्टीले महत्वपूर्ण छ । यस गाउँपालिकाको सिमानामा पूर्वतर्फ गल्याङ नगरपालिका रहेको छ भने पश्चिम तर्फ तानसेन नगरपालिका रहेको छ । त्यसै गरी उत्तरमा गल्याङ नगरपालिका, गुल्मी जिल्लाको कालीगण्डकी तथा सत्यवती गाउँपालिका रहेका छन् भने दक्षिण बगनासकाली गाउँपालिका र तानसेन नगरपालिका रहेका छन् ।  कालीगण्डकी गाउँपालिकाको धरातलिय अवस्था विविध र आकर्षक छ ।

यो गाउँपालिका पहाडी भूभागमा अवस्थित छ । यस गाउँपालिकाको क्षेत्रफल ७३.५१ वर्ग कि.मि. छ । यहाँ विभिन्न प्रकारका वनस्पति र वन्यजन्तुहरू पाइन्छन् । विविध प्राकृतिक सम्पदाका कारण यो क्षेत्र पर्यटकिय दृष्टिकोणले पनि महत्वपूर्ण छ । प्राकृतिक सम्पदाहरूमा कालीगण्डकी नदी  यो गाउँपालिकाको प्रमुख प्राकृतिक सम्पदा हो । यसले धार्मिक र सांस्कृतिक महत्व पनि राख्छ । यो नदी नेपालमा मात्र नभइ विश्वमा प्रशिद्व र महत्वपूर्ण मानिन्छ । हालसम्मकै निर्माण सम्पन्न ठूलो कालीगण्डकी "ए" जलविद्युत केन्द्र यसै गाउँपालिकामा रहेको छ जुन गाउँपालिकाको भविष्यको उज्वलताको संभावना हो । यस गाउँपालिकामा अधिकांश मगर, ब्राह्मण, दलित, छिटपुट क्षेत्री, माझी लगायतका जातजातीहरूको बसोबास रहेको छ भने यिनीहरूले अङ्गाल्ने धर्म, भाषा, संस्कार, संस्कृति र परम्परा नै यस क्षेत्रको परम्परागत अमुल्य सम्पत्ति हुन्।

यहाँको पहाडी भूभागमा विविध प्रकारका वनस्पति र वन्यजन्त पाइन्छन् । यो गाउँपालिका जैविक विविधताले सम्पन्न रहेको छ । यहाँ विभिन्न स्थानहरूबाट पहाडका मनमोहक दृष्यहरू देख्न सकिन्छ । सफा मौसममा केही हिमालहरू पनि देख्न सकिन्छ । जलस्रोतहरूमा ताल, पोखरी र झरनाहरू रहेका छन् जसले यस क्षेत्रलाई थप आकर्षण बनाएका छन् । यो गाउँपालिकाको ऐतिहासिक स्थलहरू, धार्मिक स्थलहरू र प्राकृतिक सौन्दर्यले पर्यटकहरूलाई आकर्षित गर्न सक्छ। यो गाउँपालिका प्रयटकिय विकासका लागि प्रचुर सम्भावना बोकेको गाउँपालिका हो । यहाँका मानिसहरूको मुख्य पेशा कृषि रहेको छ ।

कालीगण्डकी गाउँपालिकामा विविध सांस्कृतिक सम्पदा रहेको छ । दशै, तिहार, तीज, माघेसंक्रान्ती लगायत अन्य धार्मिक तथा सांस्कृतिक पर्वहरू यहाँको मुख्य चाड पर्वहरू हुन् । यहाँका लोक गीत, नृत्य र परम्परागत संगीतले गाउँपालिकाको सांस्कृतिक धरोहरलाई जोगाएको छ ।यस गाउँपालिकामा विभिन्न मन्दिरहरू, गुम्बाहरू र अन्य धार्मिक संरचनाहरूको साथै धार्मिक स्थलहरू रहेका छन् । यहाँका स्थानीय बासिन्दाहरू परम्परागत हस्तकला, मूर्तिकला र अन्य कलाकृतिहरूमा पनि संलग्न रहका छन् जसले स्थानीय सांस्कृतिक पहिचानलाई बलियो बनाएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १७९५५ रहेको छ जसमा पुरुषको जनसंख्या ८१४४ (४५.४ प्रतिशत) रहेको छ भने महिलाको जनसंख्या ९८११ (५४.६ प्रतिशत) रहेको छ । यस गाउँपालिकामा कुल घर परिवार संख्या जम्मा ४७६२ रहेको छ। कालीगण्डकी गाउँपालिकाको कुल साक्षरता दर ८२.२ प्रतिशत रहेकोमा पुरुषको साक्षरता दर ८९.५ प्रतिशत रहेको छ भने महिलाको साक्षरता दर ७६.३ प्रतिशत रहेको छ । यस गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरुको जनसंख्या कुल जनसंख्याको २ प्रतिशत रहेकोमा अपाङ्गता भएका महिलाको संख्या १.६ प्रतिशत र अपाङ्गता भएका पुरुषको संख्या २.५ प्रतिशत रहेको छ ।

कालीगण्डकी गाउँपालिकामा विभिन्न विकासका सम्भावनाहरू छन्, जसले यस क्षेत्रलाई आर्थिक, सामाजिक, र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण बनाउन सक्छ । कृषि विकासको लागि कालीगण्डकी गाउँपालिकामा उर्वर भूमि र जल स्रोतहरूको प्रचुरता छ, जसले कृषि उत्पादनमा वृद्धि गर्न सकिन्छ। आधुनिक कृषि प्रविधि र जैविक खेतीलाई प्रोत्साहन गरेर स्थानीय कृषकहरूको आयस्तर सुधार गर्न सकिन्छ। पर्यटन विकासमा कालीगण्डकी नदी, पहाडी भूभाग, र प्राकृतिक सम्पदाहरूले पर्यटकीय आकर्षण बढाउन सक्छ । धार्मिक स्थलहरू, ऐतिहासिक स्थलहरू र प्राकृतिक सौन्दर्यले पर्यटकहरूलाई आकर्षित गर्न सक्छ। सामुदायिक विकास स्थानीय समुदायको सहभागिता र सशक्तिकरणले विकासका परियोजनाहरूलाई सफल

बनाउन मद्दत पुर्याउछ। शिक्षा, स्वास्थ्य, र सामाजिक सेवाहरूमा सुधार गरेर स्थानीय जनताको जीवनस्तर उकास्न सकिन्छ। पूर्वाधार विकास सडक, पुल, विद्युत, र सञ्चार सुविधाहरूको विकासले गाउँपालिकाको आर्थिक गतिविधिलाई प्रोत्साहन गर्न सक्छ । यातायात र सञ्चार सुविधाहरूको सुधारले व्यापार र उद्योगलाई बढावा दिन सक्छ । उद्योग र व्यवसाय साना र मझौला उद्योगहरूको स्थापना गरेर स्थानीय उत्पादनलाई बजारमा पुर्याउन सकिन्छ। हस्तकला, कृषि उत्पादन, र पर्यटनसँग सम्बन्धित व्यवसायहरूलाई प्रोत्साहन गरेर रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ। शिक्षा र स्वास्थ्य गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाहरूको पहुँचले स्थानीय जनताको जीवनस्तर सुधार गर्न सकिन्छ। विद्यालय, स्वास्थ्य केन्द्र र अन्य सामाजिक सेवाहरूको विकासले समुदायलाई सशक्त बनाउन सक्छ।

### १.३ सामाजिक परीक्षणको उद्देश्य

कालीगण्डकी गाउँपालिकाको कार्यसम्पादन स्तरलाई सुधार गर्न सहयोग पुर्याउनु नै यस सामाजिक परीक्षणको प्रमुख उद्देश्य हो भने गाउँपालिकाको सामाजिक परीक्षण गर्नुका विशिष्ट उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

- गाउँपालिकाको सामाजिक जिम्मेवारी निर्वाहको मूल्याङ्कन गर्ने ।
- समुन्नत समाज निर्माणको लागि भइरहेका सामाजिक फाइदाहरूको समीक्षा गर्ने ।
- गाउँपालिकालाई नागरीकमैत्री बनाउँदै सेवा प्रवाहलाई थप प्रभावकारी, सुलभ र भरपर्दो बनाउन समग्र कार्य सम्पादनमा सुधार ल्याउन सुझाव दिने ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा बढी अङ्क ल्याइ बढी अनुदान प्राप्त गर्नमा टेवा पुर्याउने ।

### १.४ सामाजिक परीक्षणका आधार

कालीगण्डकी गाउँपालिकाको यो सामाजिक परीक्षणको आधारलाई देहाय बमोजिम उल्लेख गरीएको छः

- कालीगण्डकी गाउँपालिकाको कार्यालयको संगठन संरचना
- कालीगण्डकी गाउँपालिकाको नीति रणनीति र आगामी कार्य क्षेत्र र सोको प्रभावकारिता
- योजना, कार्यक्रम र बजेट व्यवस्थापन

- कालीगण्डकी गाउँपालिकाको कार्यक्षेत्र र सोको अनुगमन, मूल्याङ्कन
- प्रदुषण नियन्त्रण, वातावरण संरक्षण र दिगो विकासमा गाउँपालिकाले खेलेको भूमिका
- सेवाग्राहीको हित एवं नागरिकमैत्री सेवा प्रवाहमा गाउँपालिकाको भूमिका
- महिला, विपन्न एवं पछाडि पारिएका वर्ग, समुदायको हितका लागि गाउँपालिकाले खेलेको भूमिका
- शिक्षा, स्वास्थ्य, कला, संस्कृति संरक्षण, प्रवर्द्धन र विकासमा गाउँपालिकाले दिएको योगदान
- सरकारी एवं गैह्र सरकारी, निजी क्षेत्र, नागरिक समाज प्रतिको दायित्व निर्वाह
- कालीगण्डकी गाउँपालिकाको सामाजिक योगदान ।

## १.५ सामाजिक परीक्षणको सीमा

कालीगण्डकी गाउँपालिकासँग सम्बन्धित ऐन, नियम कार्यविधिहरू र निर्देशिकाहरू, सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना विषयगत इकाईहरूका समेतमा, सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनवाई प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू तथा अन्य आवश्यक सामाग्रीहरू अध्ययनको साथै आ.व. २०८० / ८१ मा भए गरेका योजना तथा कार्यक्रमहरूबाट सामाजिक रुपमा के कस्तो असर प्रभाव पर्यो त्यसको परिधि तथा सीमा भित्र रहेर समाजिक परीक्षण कार्य गरिएको थियो ।

# परिच्छेदः दुई

## २.१ सामाजिक परीक्षणको संस्थागत समन्वय

कालीगण्डकी गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन गरेका परियोजना तथा कार्यक्रमहरू र त्यसका सामाजिक उपलब्धिहरूको लेखाजोखा गर्नका लागि यो कार्य गरिएको हो । सामाजिक परीक्षण कार्यको समन्वय तथा स्थानीय तह तथा सामाजिक परीक्षकलाई सहयोग गर्नका लागि कालीगण्डकी गाउँपालिकाले गठन गरेको सामाजिक परीक्षण समन्वय समितिसँग समन्वय साथै विषयगत शाखाका कर्मचारीहरूको सहयोग तथा क्षेत्रगत अवलोकन गरि लाभान्वित वर्गसँगको छलफल तथा अन्तरक्रिया गरि सामाजिक परीक्षण कार्य सम्पन्न गरिएको हो ।

## २.२ सामाजिक परीक्षण विधि

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरीएको छ ।

### क) सन्दर्भ सामाग्रीहरूको समीक्षा र अध्ययन

- स्थानीय तह सम्बन्धी ऐन नियम कार्यविधिहरू र निर्देशिकाहरू
- स्थानीय तहको सामाजिक जिम्मेवारी लक्ष्य उद्धेश्य
- आवधिक तथा वार्षिक योजना (विषयगत शाखाहरूको समेत)
- सामाजिक उपलव्धि कार्यसम्पादन परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचनाहरू
- नागरिक वडापत्र
- वार्षिक प्रतिवेदनहरू

### ख) अन्तरवार्ता, स्थलगत निरिक्षण, अवलोकन र समूह छलफल

सामाजिक परीक्षक विज्ञ समूह टिमलिडर महेन्द्र प्रसाद लामिछाने र विज्ञ जुना देवी पुनद्धारा सूचकहरूका आधारमा गाउँपालिकाका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, आयोजना प्रमुख, विषयगत ईकाई प्रमुखसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता साथै व्यापक रुपमा अन्तरक्रियात्मक छलफल गरीएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल पनि गरियो । आवश्यकता

अनुसार स्थलगत निरीक्षण र अवलोकन गरी सामाजिक कार्य सम्पादनको अवस्था अध्ययन गर्ने कार्य भयो ।

### ग) प्रस्तुति तथा छलफल

कार्यशर्तमा उल्लेखित ढाँचामा आधारित प्रारम्भिक प्रतिवेदन देहाय अनुसार केन्द्रकृत रहेर व्यापक छलफलको लागि प्रस्तुत गरियो

- सामाजिक परीक्षणका निश्कर्षहरू
- सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- सवालहरूको प्राथमिकीकरण
- यी सवालहरूलाई संबोधन गर्ने (समय सीमा सहित)
- सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयबस्तुहरू
- सुझावहरू

### घ) प्रतिवेदन तयारी

यस क्रममा सामाजिक जिम्मेवारी बहनमा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा समेत गहन अध्ययन गरि प्रतिवेदन तयार गरियो । प्रतिवेदन तयार गर्दा विषयगत इकाई र गैससहरूले समेत गरेको कामहरूको विवरण समेत गाउँपालिकाको अङ्गको रुपमा समावेश गरी तयार भएको प्रतिवेदन सामाजिक परीक्षण कार्यक्रममा पेश गरियो । तोकिएको ढाँचामा आधारित मस्यौदा प्रतिवेदन तयार पारियो । सामाजिक परीक्षण कार्यक्रममा प्रस्तुत प्रतिवेदन उपर छलफलका क्रममा उठेका सुझाव सहित अन्तिम प्रतिवेदन तयार गरियो ।

## २.३ सामाजिक परीक्षणका चरणहरू

**तयारी चरणः** यस चरण अन्तरगत सामाजिक परीक्षकले सामाजिक परीक्षण समिति वा कर्मचारीहरूको सहयोगमा प्रारम्भिक प्रतिवेदन तयार पारियो ।

**छलफल तथा प्रस्तुतीकरण चरणः** यस चरणमा सामाजिक परीक्षकले तयार गरेको प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरेपछि सहभागिहरूद्वारा उक्त प्रतिवेदन उपर खुला छलफल भएको थियो ।

यस चरणमा सामाजिक परीक्षकद्धारा आगामी वर्षका लागि सुझावहरू समेत संकलन भएको थियो ।

**समीक्षा तथा कार्ययोजना तयारी चरणः** यस चरणमा दोश्रो चरणमा उठेका जिज्ञासाहरू, आलोचनाहरू र प्रश्नहरूका साथै आएका सुझावहरूलाई कार्यान्वयनमा लैजानका लागि एउटा कार्ययोजना निर्माण गरी सामाजिक परीक्षणको समग्र प्रक्रियाको बारेमा समीक्षा भएको थियो ।

**सहभागिताः**

- सामाजिक परीक्षणको समीक्षा तथा छलफल भेलामा उपस्थित हुन गाउँसभाका सबै सदस्यहरू, प्रमुख सरोकारवालाहरू, उपभोक्ता समितिका प्रतिनिधिहरू, वास्तविक उपभोक्ताका प्रतिनिधिहरू, नागरिक समाज, राजनैतिक दल, प्रमुख करदाताहरू, पूर्व जनप्रतिनिधिहरू, पिछडिएका वर्ग, बालबालिका, महिला प्रतिनिधिहरू, स्थानीय गैसस, सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू, साझेदार संस्थाहरू, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, बिभिन्न समितिका प्रमुखहरू, लेखा प्रमुख, विषयगत इकाईका प्रमुखहरूको उपस्थितिको लागि आह्वान भएको थियो ।
- स्थानीय तह र विषयगत शाखाहरू सहितको वार्षिक योजनामा समावेश भएका गैर सरकारी संस्थाहरूको हकमा स्थानीय तहकै अभिन्न अङ्गकोरूपमा सामाजिक परीक्षणमा समावेश गरिएको छ । सामाजिक परीक्षकले कार्यालय, सरोकारवाला र वास्तविक उपभोक्ताहरू, प्रतिनिधिहरू, राजनैतिक दलका प्रतिनिधिहरूसँग अन्तरक्रिया गरी सामाजिक परीक्षण प्रतिवेदन तयार गरिएको छ ।

## २.४ सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुती कार्यक्रम सञ्चालन

१. सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुती कार्यक्रममा सहभागीहरूको उपस्थिति पुस्तिका राखि उक्त पुस्तिकामा सहभागीहरूको नाम, पद, ठेगाना र हस्ताक्षर सहितको उपस्थिति उठाइएको थियो ।

२. कार्यक्रमको प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, सञ्चालन विधि, समय र आचारसंहिताबारे जानकारी दिइएको थियो ।

३. सामाजिक परीक्षकद्धारा तोकिए बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गरियो ।

४. गाउँपालिकाको तर्फबाट कार्यक्रममा विवरण प्रस्तुत भएपछि सामाजिक परीक्षण समन्वय समितिको तर्फबाट कार्यक्रमका सहभागीहरू समक्ष निम्न प्रकारका प्रश्नहरू क्रमशः राखि खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रया तथा सुझावहरू संकलन गर्ने कार्य गरियो ।

- गाउँपालिकाले गरेका नीतिगत निर्णय तथा प्रकृयागत सुधारले पारेको प्रभाव कस्तो छ ?
- गाउँपालिकाले गरेका विकास योजनाहरूमा जनसहभागिताको स्थिति के कस्तो छ ?
- गाउँपालिकाले ठिक समयमा सेवा, सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नुपरेका समस्याहरू के के होलान् ?
- गाउँपालिकाको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वासनियता कस्तो छ ?
- बालबालिका, महिला, दलित, जनजाति, गरिब, जेष्ठनागरिक र पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारीता सामाजिक रुपमा कस्तो भयो ?
- गाउँपालिकाले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तर कस्तो छ ?
- सामाजिक उत्तरदायित्व पूरा गर्न स्थानीय तहको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू के के छन् ?

५. सहभागीहरूले कार्यक्रममा राखेका विचार, सुझाव तथा प्रतिक्रियाहरूलाई सामाजिक परीक्षण समन्वय समितिका पदाधिकारीहरू तथा सामाजिक परीक्षकले टिपोट गरी सहभागीले राखेका जिज्ञासा तथा विचारमा स्थानीय तहको तर्फबाट थप स्पष्ट पारिएको थियो।

६. सामाजिक परीक्षण प्रतिवेदन गाउँसभामा पेश गर्नुपर्नेछ ।

७. गाउँसभाले स्वीकृत गरेको सामाजिक परीक्षण प्रतिवेदन गाउँपालिकाको सार्वजनिक हुनेछ ।

८. सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयन गराउने जिम्मेवारी कालीगण्डकी गाउँपालिका, स्याङ्जाको हुनेछ ।

## २.५ आचारसंहिता

सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक सहजकर्ता तथा सहभागीहरूले निम्न अनुसारका आचारसंहिता पालना गरिएको थियो ।

- विषयबस्तुमा मात्र केन्द्रित रहि छलफल गर्ने ।

- तथ्य र सूचनाको आधारमा मात्र विचार प्रस्तुत गर्ने ।
- निजी तथा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।
- सहभागीहरूले व्यक्त गरेका विचारहरूमा प्रतिवाद नगर्ने प्राप्त प्रतिक्रिया सुझावहरू तथा टिप्पणीलाई सकरात्मक रुपमा लिने ।
- व्यक्ति तथा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम गर्ने ।
- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारको लागि धन्यवाद दिने ।
- सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने ।
- बोल्दा पालैपालो एक एक व्यक्ति मात्र बोल्ने ।
- आफ्ना कुराहरूलाई छोटकरीमा स्पष्टरुपमा राख्ने र बिचमा अर्काको कुरा नकाट्ने ।

# परिच्छेदः तीन

## ३.१ सामाजिक परीक्षणको लक्ष्य

- गाउँपालिकाले आ.व. २०८०/०८१ मा सञ्चालन गरेका कम्तीमा १८ वटा भन्दा बढि कार्यक्रमहरू तथा योजनाहरूको क्षेत्रगत संख्या पहिचान गर्ने ।
- गत आ.व. २०८०/०८१ मा गाउँपालिकाबाट विकास निर्माणको सन्दर्भमा सम्पादन भएका क्रियाकलापहरूबाट उपभोक्ताहरूले लिएको फाइदा थाहा पाउने ।
- गत आ.व. मा गाउँपालिकाबाट सम्पादन भएका कार्यक्रमबाट प्राप्त उपलव्धिहरूलाई प्रतिवेदनका रुपमा प्रकाशन गर्ने ।
- गाउँ कार्यपालिकाको कार्यालयमा प्राप्त प्रतिवेदनमा औल्याइएका सुझावहरूलाई आगामी वर्षको योजना तर्जुमाको अभ्यासमा अबलम्वन गर्ने ।

## ३.२ क्रियाकलापहरू

- गाउँपालिकाले कानुन बमोजिम मापदण्ड पुगेको सामाजिक परीक्षक सेवा करारमा नियुक्त गर्ने कार्य भएको ।
- गाउँपालिकामा एक सामाजिक परीक्षण समन्वय समिति गठन गरी सामाजिक परीक्षणको कार्यलाई अगाडि बडाइएको ।
- उपभोक्ता समिति र उपभोक्ताहरू बिच छलफलको आचारसंहिता तयार गरी लागु गरिएको।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरू र उपभोक्ता समितिहरूसँग अन्तर्क्रियात्मक छलफल गरिएको ।
- प्रतिवेदन प्रस्तुति र छलफल गर्ने कार्य सम्पन्न भएको ।
- प्रतिवेदन तयारीको चरण र छलफलको चरणमा उठेका सुझाव तथा निर्णयहरूलाई प्रतिवेदनमा समावेश गरिएको ।
- सामाजिक परीक्षणको लागि सम्पूर्ण तयारी पूरा भएको ।
- सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुति गर्ने कार्य भएको ।
- प्रतिवेदनको तयारी गरी कार्यपालिकामा बुझाउने कार्य ।
- प्रतिवेदनको कार्यान्वयन ।

### ३.३ कार्यक्रम अवधि

२०८१ साल जेठ र असार २५ भित्र ।

### ३.४ सामाजिक परीक्षण कार्यक्रममा सहभागी भएको जनशक्ति

- गाउँपालिकाका पदाधिकारीहरू
- प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य कर्मचारीहरू
- सामाजिक परीक्षण विज्ञ
- उपभोक्ता समितिका पदाधिकारीहरू
- वडा तहका कर्मचारीहरू
- समन्वयको लागि गाउँपालिकाको प्राविधिक कर्मचारी १ जना ।

### ३.५ अनुगमन, मूल्याङ्कन र व्यवस्थापन

कार्यक्रमको अनुगमन, मूल्याङ्कन र व्यस्थापन गर्नका लागि देहाय बमोजिम एक सामाजिक परीक्षण समन्वय समिति गठन भएको हुनेछः

| | | |
|---|---|---|
| (क) | गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (घ) | प्राविधिक शाखा प्रमुख वा प्रतिनिधि | सदस्य |
| (ङ) | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (च) | योजना शाखा प्रमुख | सदस्य |
| (छ) | महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य |

### ३.६ कालीगण्डकी गाउँपालिकाको प्राथमिकता र आवश्यकताका महत्वपूर्ण विषयहरू

**आर्थिक वर्ष २०८० /०८१ का प्रमुख नीति तथा कार्यक्रमहरू**

कालीगण्डकी गाँउपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमले नेपाल सरकारले लिएको **समृद्ध नेपाल सुखी नेपाली**को राष्ट्रिय आकांक्षा अनुरुप गाउँपालिकाको सन्तुलित, समन्यायिक र समावेशी विकास गरी उच्च आर्थिक बद्विदर हासिल गर्ने र गरिबी निवारण गर्ने

लक्ष्यका साथ कालीगण्डकी गाउँपालिकाले लिएको **समृद्ध गाउँपालिका र सुखी नागरिकको** दिर्घकालीन संकल्पलाई साकार पार्न, वर्तमान अर्थतन्त्रको संकट र अनियन्त्रित महङ्गीबाट नागरिकलाई सुरक्षित र सिथिल अर्थतन्त्रलाई गतिशिल बनाउन प्रस्तुत नीति तथा कार्यक्रमहरुलाई प्राथमिकता दिने ।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क) स्वास्थ्य

- विभिन्न महामारीका अतिरिक्त क्यान्सर, मृगौला फेल, मुटु रोग जस्ता दिर्घ रोगले समेत समाज त्रासित भएको बेला कालीगण्डकी गाउँपालिकाले स्वास्थ्य क्षेत्रलाई केन्द्र विन्दुमा राखेर वर्तमान पुस्ताले नै महसुस गर्ने गरी यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रमहरू तयार गरेको छ। गाउँपालिकावासी सबैले यस्ता संकटबाट उत्पन्न चुनौतीलाई अवसरको रुपमा उपयोग गरी यस आर्थिक वर्षमा समाजवाद उन्मुख स्वास्थ्य क्षेत्रको इतिहास रच्ने वर्ष बनाउने ।
- विभिन्न महामारी र दीर्घ रोगबाट नागरिकको रक्षा गर्न सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न अहिलेको स्वास्थ्य प्रणालीलाई सुदृढ गर्न आधारभूत स्वास्थ्य इकाईको स्तरोन्नती र कालीगण्डकी अस्पतालबाट विशेषज्ञ सेवा, अनुसन्धानात्मक कार्य सहित थप स्वास्थ्य सेवाको विस्तार गर्ने ।
- गाउँपालिका भरिका सम्पूर्ण नागरिकहरुलाई १ लाख सम्मको निःशुल्क नागरिक स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइ यसै आ.व. देखि कालीगण्डकीवासीलाई कालीगण्डकी अस्पतालमा निःशुल्क उपचार गर्ने व्यवस्था मिलाईने ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरूको नियमित स्वास्थ्य परिक्षण गर्ने ।
- अध्यक्षसँग निःशुल्क औषधी कार्यक्रम सञ्चालन गरिने।
- शून्य होमडेलिभरी गराउन प्रत्येक गर्भवतीलाई अस्पताल सम्म आउन निःशुल्क एम्बुलेन्स उपलब्ध गराउने नीति लिईने।
- गर्भवती, शिशु, बालबालिका, किशोरी र अपाङ्गता भएका व्यक्तिहरूको पोषण स्थितिमा सुधार ल्याउन नेपाल सरकार र कालीगण्डकी गाउँपालिका मिलेर पोषण सुधारको क्षेत्रमा थप कार्यक्रम यस आ.व. मा सञ्चालन गरिने साथै पूर्ण खोपयुक्त गाउँपालिका कायम राख्न खोप कार्यक्रम निरन्तर रहने ।

- क्यान्सर, मुटु, मृगौला, सिकलसेल एनिमिया, स्पाइनल इन्जुरी, पार्किन्सन, अल्जाइमर र हेड इन्जुरीको उपचारको लागि अति गरिब बिरामीलाई आर्थिक सहयोग गर्ने नीतिलाई निरन्तरता दिइने। आर्थिक अभावका कारण स्वास्थ्य उपचार सेवा पाउन नसकेका अपाङ्ग, असहाय, अशक्त, गर्भवती, जेष्ठ नागरिक र विपन्न वर्गको लागि विशेष सुविधा दिइने। मानसिक रोगका विरामीको लागि संरक्षण गृह, जेष्ठ नागरिकलाई दिवा सेवा तथा मिलन केन्द्र जस्ता संस्थागत संरचना स्थापना तथा संचालन गर्न सहयोग गर्ने ।
- मदिराजन्य लागुपदार्थको दुर्व्यसनबाट ग्रसितलाई स्वस्थ बनाउन विद्यालय शिक्षा तथा Rehab Centre –पूनःर्स्थापना तथा सुधार केन्द्र सञ्चलनमा ल्याइने ।
- पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर लगायतका विभिन्न रोगका बिशेषज्ञ सेवा सहितको घुम्ति स्वास्थ्य शिविर संचालन गर्ने नीतिलाई निरन्तरता दिने।
- बालबालिकाको प्रतिरोधात्मक क्षमता अभिबृद्धि गर्न बालबालिकाको लागि विशेष कार्यक्रम ल्याइने ।
- महिला स्वयंसेवकहरूको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरूको सेवालाई प्रभावकारी तुल्याउने।
- उपाध्यक्षसँग पोषिलो झोला कार्यक्रमलाई निरन्तरता दिने।

### ख) शिक्षा

- कक्षा ८ सम्मका सबै विद्यालयहरुमा स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक निःशुल्क रुपमा उपलब्ध गर्ने कार्यलाई निरन्तरता दिइने।
- कालीगण्डकी भित्र संचालित क्याम्पसहरू थप व्यवस्थित गर्दै क्याम्पसमा अध्यनरत विद्यार्थीहरूलाई व्यवहारिक सीपविकास गर्न स्वयम् सेवकको रुपमा कार्य गर्नेलाई प्रोत्साहन गर्ने ।
- प्राविधिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई प्रोत्साहन गर्न प्राक्टिकल र फिल्ड वर्कमा जोड दिई प्रोत्साहन स्वरुप खाजा खर्च उपलब्ध गराउने।
- सूचना र प्रविधिमैत्री शैक्षिक सामग्री उत्पादन र विकासको व्यवस्था मिलाउने।
- विद्यालय फूलबारी कार्यक्रमलाई निरन्तरता दिईने। पालिकाको केन्द्रमा एक शैक्षिक Innovation centre निर्माण गरिने।

- मानव संशाधन विकास गर्नलाई संघीय सरकार, प्रदेश सरकार स्थानीय तहहरूको संयुक्त लगानी वा गाउँपालिकाको आफ्नै लगानीमा प्राविधिक जनशक्ति उत्पादन गर्न आलमदेवि बहुप्राविधिक शिक्षालय मार्फत प्रत्येक युवालाई सीप मुलक तालिम संचालन गर्ने कार्यलाई निरन्तरता दिने।
- सामुदायिक विद्यालयहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न निशर्त अनुदानको प्रारम्भ गरिने।
- शिक्षक प्रोत्साहन कार्यक्रम सञ्चालनमा ल्याई क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिने। दलित, अल्पसंख्यक, गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति दिने नीतिलाई निरन्तरता दिने।
- संस्थागत विद्यालयहरूको विभिन्न सूचकहरूको आधारमा वर्गिकरण गरी वैज्ञानिक ढंगले शुल्क निर्धारण गरी लागु गरिने।
- "उत्कृष्ट शैक्षिक गन्तव्य कालीगण्डकी गाउँपालिका हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सामुदायिक तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरूबाट प्रदान गर्ने शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउने त्यस्ता संस्थाहरूसँग सहकार्य गर्ने।
- विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गर्न जोड दिने ।

### ग) युवा तथा खेलकुद

- अध्यक्ष कप खेलकुदलाई खेल महोत्सवको रुपमा निरन्तरता दिने ।
- कालीगण्डकीको समग्र खेलकुद विकासको लागि एक गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरिने ।
- युवाहरूलाई खेलकुद प्रति आकर्षण बढाउन क्लबलाई योग्यताको आधारमा अनुदान दिने व्यवस्थालाई निरन्तरता दिने ।
- प्रत्येक वडामा खेल मैदान बनाउने कार्यलाई टोलटोलमा खेल मैदान बनाउनमा परिणत गरी निरन्तरता दिई बनेका खेल मैदानको स्तरोन्नती गरिने।
- ब्याडमिन्टनको लागि कभर्ड हल, बास्केटबल र ह्याण्डबललाई समेत आवश्यक कोर्ट निर्माण गर्ने कामलाई निरन्तरता दिइने ।

- राष्ट्रिय र अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउनेलाई प्रोत्साहन गर्ने कामलाई निरन्तरता दिइने ।
- विषयगत खेल पुरस्कार राशीहरू स्थापना तथा दिगो व्यवस्थापन गर्दै जाने नीति लिइने
- युवा उद्यमशिलता विकासका कार्यक्रमहरू मार्फत युवालाई **विदेश हैन बिजनेस** भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराउने ।
- युवा बेरोजगार न्यूनीकारणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरू संचालन गरिने।
- "एक वडा एक व्यायामशाला" र प्रत्येक विद्यालयहरूमा योग शिविर संचालन गर्ने नीति लिई युवाहरूलाई प्रशिक्षणको व्यवस्था मिलाइने।

## घ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

- गाउँपालिकाभित्र बसोबास भएका सुकम्बासी र अव्यवस्थित बसोबास गर्नेलाई व्यवस्थित गरी जग्गा धनी पूर्जा दिने काम यसै आर्थिक वर्ष सम्पन्न गरिने ।
- लैङ्गिक हिंसा,जातीय छुवाछुत लगायतका विविध सामाजिक अन्धविश्वास र विकृतीको अन्त्यका लागि सामाजिक जागरण अभियान तथा सचेतनामुलक कार्यक्रम गर्ने नीतिलाई निरन्तरता दिइने।
- प्रत्येक वडामा आर्थिक सशसक्तिकरण गर्नको लागि टोल टोलमा महिला मन्च गठन गरी उत्पादनमा आधारित क्षमता विकासका कार्यक्रमलाई प्रारम्भ गरिने।
- **समृद्ध पालिका सुखी नागरिक** नारालाई सार्थकता दिन सकरात्मक सोचको विकास गरी मेरो परिवारमा म आफै भन्ने भावना विकास गर्दै परिवार शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।
- अपाङ्गता भएका व्यक्तिलाई विशेष सहयोग उपलब्ध गराउने नीति लिई गाउँपालिकालाई बालमैत्री गाउँपालिका बनाउने प्रकृयालाई अगाडी बढाईने।
- लक्षित वर्गको कार्यक्रमलाई निरन्तरता दिईने ।
- दाउराको खपतलाई घटाउने महंगो ग्याँस विस्तापित गरि व्यापार घाटा कम गर्न र विद्युतिय उर्जाको प्रयोगलाई प्रोत्साहित गर्न गत वर्ष देखि प्रारम्भ गरिएको विद्युतीय चुलो कार्यक्रमलाई निरन्तरता दिई कालीगण्डकी गाउँपालिकालाई ग्याँस मुक्त गाउँपालिका बनाउने ।

- गाउँपालिकामा सरकारी सहकारी प्राइभेट सेवा प्रवेशको तयारी कक्षा संचालन गर्ने ।
- गाउँपालिका भित्र स्थानीय मदिरा अव्यवस्थित रुपमा उत्पादन र प्रयोग भैरहेकाले स्थानीय मदिरालाई उत्पादन र प्रयोगलाई कानूनी दायरामा ल्याउने ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई थप सुदृढीकरण गरी सञ्चालन गरिनेछ।
- महिला आर्थिक सशक्तीकरण योजना तथा महिला अनुशिक्षण कार्यक्रमलाई निरन्तरता दिईने ।
- स्वधर्म, संस्कृति र असल संस्कार संरक्षणको लागि महिलामञ्चलाई सक्रिय बनाइने।
- वृद्ध महिलाहरूको सीप र दक्षता अभिवृद्धि गर्नका लागि महिलासंजाल गठन गरी आधुनिक सीप तथा उत्पादनमा आधारित तालिम सञ्चालनलाई निरन्तरता दिने।
- दलित र अल्पसंख्यकहरूलाई ध्यानमा राखेर हरेक कार्यक्षेत्रमा विशेष व्यवस्था गरिने।
- छुवाछुत तथा जातीय भेदभाव विरुद्धको जनचेतना अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइ हिंसा तथा दुर्व्यवहार प्रति शून्य सहनशिलताको नीति अवलम्बन गरिने ।
- महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरू संचालन गरिने ।
- ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पूँजि लगानी सहयोग गरिने।
- ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्थामा मिलाइने।
- **हिंसा मुक्त कालीगण्डकी गाउँपालिका हाम्रो पहिचान** अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशिलता नीति लिइने। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिने।
- गर्भवती महिलाहरूको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिने।
- गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिने।
- बालबालिकाको विशेष प्रतिभाको विकास गर्नको लागी एक विद्यालय एक प्रतिभाको विकास गर्नको लागी एक विद्यालय एक प्रतिभा कार्यक्रम संचालनमा ल्याइने।

### ङ. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

- सांस्कृतिक संग्रहालयको स्थापना गरी जाती, भाषा, संस्कृतिको संरक्षणमा जोड दिइनेछ।
- संस्कार, स्थानीय संस्कृति, चाडपर्व र मेलाहरुलाई संरक्षण गरिने।
- आदिवासी जनजाती, दलित, अल्पसंख्यकहरुलाई संरक्षण गर्ने नीति लिइने।
- मगर भाषाको पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयनमा ल्याइने ।
- मगर भाषाका प्रशिक्षक उत्पादन गरिने।
- मगर भाषालाई पालिकाको दोस्रो कामकाजीको भाषाको रुपमा विकास गर्ने नीतिलाई निरन्तरता दिईने ।
- स्थानीय भाषा, साहित्य, कला, संस्कृति तथा सम्पदाको संरक्षण र सम्बर्द्धन गर्न एक प्रज्ञा प्रतिष्ठान गठन गरिने ।
- कालीगण्डकी गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरूमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइने।
- प्रयावरणीय सुन्दरता र धार्मिक आस्थालाई सम्मान गर्दै वर, पिपल र स्वामीको विरुवा लगाउने कार्यलाई प्रोत्साहित गरिने।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

- सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई अझ समृद्ध प्रभावकारी बनाइने।
- कृषि, पशु, उर्जा, लघु उद्योग, सडक यातायात, भौतिक पूर्वाधार, सूचना प्रविधि र पर्यटनलाई आर्थिक वृद्धिको संवाहकको रुपमा पहिचान गरिने।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रमुख लगानी यीनै क्षेत्रमा केन्द्रित गरिने। गैह्र आवासीय नेपालीहरूलाई यस गाउँपालिकामा आफ्नो ज्ञान, सीप र पूँजी उपयोग गर्न उत्प्रेरित गरिने ।
- नवप्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिने । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्द्धन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिने ।

### क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रमः

- होमस्टे संचालन भएको ठाउँमा मौसमी फूलहरू लगाउने तथा थप कामहरू गर्न व्यवस्था मिलाईने ।

- विभिन्न जातजातिहरूको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरूलाई होमस्टे सहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादनमा जोड दिइ पाहुनालाई घरको रुपमा राख्न घर छनौट गरिने।
- प्राचीन मठ मन्दिरहरुको जिर्णोद्धार र संरक्षण गरिने ।
- आलमदेवी मन्दिर, भृगुतुङ्गेश्वर मन्दिर, सिता गुफा, हुनमान थान, कट्टीभ्यू टावर, कोठी ढुङ्गाको गुरुयोजना सहित कामलाई निरन्तरता दिईने । सिद्धगुफा, उत्तरबाहिनी लगायत अन्य क्षेत्रको पहिचान गरिने नीतिलाई निरन्तरता दिईने ।
- होटल वयटर र व्यवस्थापकलाई तालिमको व्यवस्था गरिने ।
- धार्मिक पर्यटकलाई व्यवस्थित गर्न आवश्यक प्रचारप्रसार गरिने ।
- आँधीमुहानलाई पर्यटकिय गाउँको रुपमा विकास गर्ने नीति लिईने ।
- लघुउद्यमीहरुलाई व्यवसायीक बनाउन उद्यमशिलता र कृषि प्रदर्शनी तथा प्रोत्साहन कार्यक्रम सुरुवात गरिने।
- गाउँपालिकाको पर्यटन विकास गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासमा कार्यक्रमहरू सञ्चालन गरिने ।
- मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरूमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिटल डिस्प्ले/विलवोर्ड राखिने ।
- अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकासँग भगिनी सम्बन्ध विस्तार गरिने ।
- आमा समूह, युवा क्लब, टोल विकास संस्था र विपन्न वर्गहरूको क्षमता विकास गर्दै उद्यमशिलताको तालिम लिन प्रेरित गरिने ।
- स्थानीय काठ तथा जडिबुटी उद्योग सञ्चालनमा ल्याईने नीति लिइने।
- उपभोक्ता समितिको क्षमता विकास तालिमलाई निरन्तरता दिइने।
- उत्पादन, उत्पादकतव वृद्धि, रोजगार सृजना र गरिबी निवारणमा टेवा पुऱ्याउन स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योग विकास कार्यक्रमलाई निरन्तरता दिईने ।
- गाउँपालिकामा एक रोजगार बैंक स्थापना गर्ने कार्यलाई निरन्तरता दिईने ।

## ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

- शित भण्डार र कृषि बजार कार्यक्रमलाई अगाडि ल्याइने। कालीगण्डकी गाउँपालिकालाई अर्गानिक गाउँपालिकाको रूपमा विकास गर्ने नीति अवलम्बन कार्यलाई निरन्तरता दिने र अर्गानिक कृषि प्रणालीमा जोड दिइने।
- कृषकहरुलाई उत्पादनमा प्रोत्साहन गर्न कृषि एम्बुलेन्स सहकारी/कृषि समूह मार्फत उत्पादिन वस्तुहरूको बजारीकरणको समेत व्यवस्थापन गरिने साथै खसी, बोका, कुखुरा र बंगुरको मासु निर्यात गर्न आधार तयार गरिने ।
- स्थानीय कृषिजन्य उत्पादन, सहकारी/कृषक समूह/सहकारी मार्फत प्रशोधन/ ग्रेडिङ/प्याकेजिङ/ लेबलिङ आदि गरी निर्यात गर्ने व्यवस्था मिलाइने ।
- बेमौसमी तरकारी उत्पादन गरी आत्मनिर्भर हुन प्लाष्टिक टनेल निर्माणको लागि अनुदानमा प्लाष्टिक सिट वितरण कार्यक्रमलाई निरन्तरता दिइने र फलामको स्थायी टनेल बनाउने नीति लिईने।
- टोल-टोलमा नर्सरी घरघरमा करेसाबारी कार्यक्रम निरन्तरता दिइने।
- कृषि र पशुपन्छी विकास कार्यक्रममार्फत कम्तिमा हजार जनालाई रोजगार सिर्जना गरिनेछ।
- भैंसी, बाख्रा र वंगुरको श्रोत केन्द्रको रूपमा विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ । सो मार्फत रोजगार सृजना गरिने।
- बाँझो जमिन राख्ने कार्यलाई निरुत्साहित गर्न भूमि बैङ्कको स्थापना गरी सो मार्फत रोजगारी सृजना गर्ने ।
- एक वडा एक उत्पादन पकेट क्षेत्र अभियान संचालन गरिने ।
- कृषिमा आधुनिकिकरण तथा यान्त्रीकरण गरिने नीतिलाई निरन्तरता दिईने ।
- फूल खेतीको प्रर्वद्वन, प्रशोधन र व्यवसायिकीकरण गर्न फूल लगाउने कार्यलाई निरन्तरता दिईने।
- अण्डामा आत्मनिर्भरता कार्यक्रमलाई निरन्तरता दिईने छ, भने यसै वर्षदेखि तरकारी र मासुमा समेत गाउँपालिकालाई आत्मनिर्भर गर्ने नीति लिईने ।
- डिजिटल प्रविधिबाट पशुपंक्षीको तथ्याङ्क अद्यावधिक गरिने । नमूना क्षेत्र छनोट गरी कृषि पशु कार्यक्रम संचालन गरिने । बजार मागको आधारमा युवा वर्गलाई लक्षित गरी आधुनिक प्रविधिमा आधारित व्यवसायिक कृषि तथा पशुपंक्षी सम्बन्धी तालिम र अनुदानको व्यवस्था गरिने।
- तितेपाती र सिस्नो जस्ता खेतीको प्रवर्द्धन, प्रशोधन र व्यवसायीकिकरण गर्ने कार्यलाई विस्तार गरिने।

- यसै वर्षदेखि कृषक वर्गीकरण गरी कृषक पेन्सन कार्यक्रम लागू गरिने ।
- सम्भाव्यताको आधारमा एभोकाडो, ड्रयागन फ्रुट, किवि, सुन्तला, कागती, केरा, लिचि, आप, टिमुर च्याउ, रेशम खेती, कफी, स्ट्रवेरी, मौरीपालन सूर्यमुखी फूलको खेति आदिलाई पकेट क्षेत्रको रुपमा विकास गरी प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरिने ।
- सामुदायिक तथा कबुलियत वन क्षेत्र तथा बाँझो निजी जग्गामा कृषि वनको रुपमा जडिबुटी खेती विस्तार तथा व्यवसायीकरणमा जोड दिइने।
- वर्तमान संकटले श्रमको क्षेत्रमा परेको प्रतिकूल प्रभावले बेरोजगार हुन पुगेका युवाहरुलाई कृषि/पशु पर्यटन, यातायात र सो सँग सम्बन्धित उद्योगमा आकर्षित गर्न आवश्यक पर्ने पूँजी सामूहिक जमिन र project feasibility को आधारमा सहुलियत ब्याजमा ऋण उपलब्ध गराउने व्यवस्था मिलाइने ।
- कृषि कम्पनी मार्फत भूमि बैङ्क कार्यक्रम संचालन गरिनेछ। जसको माध्यमबाट उत्पादन वृद्वि र रोजगार सिर्जना गरिने।
- कृषिको माध्यमबाट युवाहरुलाई रोजगार सृजना गरी बैदेशिक रोजगारलाई निरुत्साहित गरिने।
- रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइने।
- गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइने।
- ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिने।
- मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइने।
- स्थानीय तहभित्र उत्पादन हुने कृषिजन्य उत्पादनहरुको बजारीकरणका लागि आवश्यक व्यवस्था मिलाइने।
- सम्भाव्य उत्पादनका फलफूलहरुको विविधीकरणको व्यवस्था मिलाइने।

## ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

- सहकारी संस्थालाई उत्पादनसँग जोड्ने नीतिलाई निरन्तरता दिइने।
- कृषि उन्मुख सहकारीहरुलाई उत्पादन अनिवार्य गरिने ।
- सुपथ मूल्य पसल सञ्चालन गर्नलाई सहकारीसँग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइने।

- सहकारीहरुलाई मर्ज गर्ने नीतिलाई प्रोत्साहन गरिने।
- सहकारीहरुलाई प्रविधिमैत्री बनाउँदै पारदर्शी गराउन अनुगमन प्रणालीलाई प्रभावकारी बनाईने।
- सहकारीहरुलाई क्षमता विकासको तालिम संचालनको व्यवस्था गरिने।
- कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भई लगानी गर्ने नीतिलाइ कठोरता पूर्वक रूपमा कार्यान्वयन गरिने।
- गाउँपालिका, सहकारी र निजी क्षेत्रको सहलगानीमा उद्योग सञ्चालन गरी रोजगारी सिर्जना गरिने ।

## ३. सूचना तथा सञ्चार सम्बन्धी नीति तथा कार्यक्रम

- हेलो अध्यक्ष कार्यक्रमलाई थप व्यवस्थित गर्दै जनतासँग अध्यक्ष टेलिभिजन कार्यक्रम संचालन गरिने। विकास निर्माण कार्यक्रमको विद्युतीय अनुगमन प्रणालीको व्यवस्था मिलाइने।
- गाउँपालिकाको प्रशासनिक केन्द्रमा ल्याण्ड लाईन टेलिफोनको व्यवस्था गरिने।
- सञ्चार तथा पत्रकारिता क्षेत्रको विकासको लागि उचित कार्यक्रमको व्यवस्था गरिने ।
- सूचना र प्रविधियुक्त पार्कहरू निर्माण र संचालन गर्ने नीति लिइने।
- विद्यालयहरुमा निःशुल्क इन्टरनेटको सुविधा निरन्तरता दिईने।
- डिजिटलमैत्री गाउँपालिकाको नीतिलाई निरन्तरता दिइने।
- इन्टरनेट सेवालाई घर घरमा विस्तार गर्ने नीतिलाई निरन्तरता दिईने ।
- सूचना र प्रविधिमा पहुँच पुर्याउन जनप्रतिनिधिहरुलाई तालिमको व्यवस्था गरिने।
- स्थानीय टिभि च्यानेल/नेपाल टेलिभिजन/एफ.एम.सँगको सहकार्यमा सञ्चालित "हाम्रो कालीगण्डकी गाउँपालिका" कार्यक्रम सञ्चालन गरिने ।
- गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिने।
- नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै कालीगण्डकी गाउँपालिकालाई सूचनामैत्रि बनाइने।

## घ. न्याय, कानुन तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

- न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानुनहरुको प्रबन्ध मिलाइने।

- न्यायिक समितिको क्षमता विकास, कानुन तर्जुमा तथा स्थानीय सरकार सञ्चालन सम्बन्धित क्षमताअभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिने ।
- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरू कार्यान्वयन गरिने।
- मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिने।

**ङ. सुशासन सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रमः**

- भ्रष्ट्राचारलाई शून्य सहनशीलताको नीति अवलम्बन गरी सार्वजनिक सेवा प्रवाहलाई छिटोछरितो मितव्ययी, पारदर्शी, जवाफदेहि, गुणस्तरीय, परिमाणमुखी, नागरिकमैत्री र प्रभावकारी बाई डिजिटल र paper less सेवा प्रवाह गरिने ।
- सेवा प्रवाह तथा विकास आयोजनाहरूको गुणस्तरियता प्रभावकारिता अभिवृद्धि गर्न अनुगमन र मुल्याङ्कन गर्ने कामलाई थप प्रभावकारी बनाउन अनलाइन अनुगमन प्रणाली समेतको विकास गरिने । जनताको गुनासो सुन्ने तथा पृष्ठपोषण लिने सम्बन्धी नीतिगत तथा संस्थागत संयन्त्रको व्यवस्था गरिने।
- कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको उत्प्रेरणा र मनोबल अभिवृद्धि गर्न कार्यसम्पादनका आधारमा प्रोत्साहन गर्न सकिने नीति अवलम्बन गरिने ।
- स्थानीय स्थायी/करार कर्मचारी कोष निर्माणलाई निरन्तरता दिइने। तोकिएको जिम्मेवारी तोकिएको समयमा पूरा गर्नेलाई प्रोत्साहन र नगर्ने राष्ट्रसेवक कर्मचारीलाई कारबाहीको दायरामा ल्याइने।
- गाउँपालिकाभित्रका सबै सरकारी कार्यालय विद्यालयहरूमा विद्युतीय हाजिरीलाई थप प्रभावकारी र अनिवार्य बनाई निरन्तरता दिइने। सबै सरकारी कार्यालयहरुलाई cctv camera को दायरामा ल्याईनेछ, र गाउँपालिकाको कार्यलयबाट नै अनलाइन अनुगमन गरिने प्रविधिलाई थप विस्तार गरी विद्यालयसम्म पुर्याइने।
- गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिने ।
- आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईने।

- गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पूर्ण नागरिक समक्ष पुर्याउन "हाम्रो गाउँपालिका" नामक मोबाइल एप्स निर्माण गरि वडा पत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि वाईफाई जोन बनाउने नीतिलाई निरन्तरता दिईने।
- गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिने।
- आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइने।
- कालीगण्डकी गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिने।
- विपन्न र न्यून आय भएका घर परिवार र गरिब पहिचान परिचयपत्र भएका घरपरिवारलाई लक्षित कार्यक्रमहरु संचालन गरिने।
- सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने।
- संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समय सानि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिने।

## च. वन, वातवरण, जलवायु, विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

- आ.व. २०८०/८१ मा वन क्षेत्रमा फलफूल तथा वृक्षारोपण वर्ष घोषणा गरिने।
- खानेपानीको जटिलतम् समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइने।
- बाँदर लगायत अन्य वन्यजन्तु नियन्त्रणको वैकल्पिक व्यवस्थामा जोड दिईने ।
- कालीगण्डकी गाउँपालिका भित्र एक घर एक धारा निर्माण गर्न बाँकी रहेका ८९२ घरमा एक घर एक धारा निर्माण सम्पन्न गरी कालीगण्डकी गाउँपालिका भित्रका ७ वटै वडाका घरधुरीमा पुग्ने गरी स्वच्छ र सफा खानेपानी पुर्याउनेगरि नयाँ परियोजना संचालन गरी कालीगण्डकीबासीलाई आगामी दुई दशक सम्मको सुविधा प्राप्त हुने गरी एक वृहत खानेपानी आयोजना सञ्चालन गरिने।

- टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्य सहकार्य नीति लिइने।
- अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइने छ।
- प्लाष्टिकजन्य फोहोर नियन्त्रण तथा न्यूनीकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने।
- गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजी गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडि बढाइने।
- जलवायु परिवर्तन अनुकुलन सम्बन्धी कार्यक्रम सञ्चालन गरिने।
- वन्यजन्तु तथा घरपालुवा जनावरको लागि पिउने पानी, साना सिंचाई तथा जल पुनर्भरण गर्न एक गाउँ एक पोखरी अभियान सञ्चालन र मर्मत गर्ने कार्यलाई निरन्तरता दिइने नीति लिइने।
- तालतलैया, पोखरी, कुवा, चौपारीहरु संरक्षण गर्दै रिचार्ज पोखरी निर्माणलाई निरन्तरता दिइने।
- स्वच्छ सफा कालीगण्डकी गाउँपालिका निर्माणको अभियान अन्तर्गत फोहोरमैलाको दिगो र प्रभावकारी व्यवस्थापनको लागि तीनै तहको सरकारहरु मिली बहुउपयोगी डम्पिङ साइड निर्माणको कार्यलाई निरन्तरता दिईने।
- भू-सूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखि न्यूनीकरण योजना तयार गरिने।
- विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइने।
- भुकम्पीय जोखिम न्यूनीकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइने।
- विपद् बाट सिर्जित विभिन्न जोखिमहरु व्यवस्थापन गर्न मूल्याङ्कनको आधारमा क्षतिपूर्तिको व्यवस्था गरिने ।
- स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखी कार्यक्रम सञ्चालन गरिने ।
- इलाका प्रहरी कार्यालय जैपते, विर्घा प्रहरी चौकीमा विपदको लागी आवश्यक पर्ने सामाग्री राख्ने व्यवस्था मिलाईने ।
- विपद्जन्य स्थान पहिचान गरी त्यस्तो बस्तीलाई सुरक्षित स्थानमा स्थान्तरण गरिने ।
- विपद् बाट विस्थापित भएका परिवारका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको सहभागितामा घर निर्माण गरिने। विपद जोखिम नियन्त्रण तथा व्यवस्थापन गर्न एक विपद

व्यवस्थापन जोखिम कोष स्थापना गरिने। विर्घा, सट्का, लौझा, खोर्दी, आँधीमुहान तथा अन्य साना तथा ठूला पहिरो र बाढि नियन्त्रणका लागी विशेष प्राविधिक योजना तयार पारी नियन्त्रण गरिने।

- नगर प्रहरीहरुलाई विपद व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था गरिने।

## छ. भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम

- खरको छानो विस्थापित (सुरक्षित आवास) कार्यक्रमलाई निरन्तरता दिइने ।
- असहाय र अशक्तहरूको लागि आवास बनाउने कार्यक्रमलाई निरन्तरता दिईने ।
- गाउँपालिका स्तरीय सिटीहल र सम्पूर्ण वडामा एक सभाहल निर्माण प्रकृया अगाडि बढाईने।
- चालु आर्थिक वर्ष २०७९/०८० सम्म अधुरा रहेका योजनाहरूलाई निरन्तरता दिइने।
- विर्घाटार लिफ्टिङ सिंचाईलाई थप व्यवस्थित गरिने छ भने, मिर्मी लिफ्टिङ सिंचाई प्युपा लसर्घा कोटाकोट, बारीचौर र बेल्टारी, फाँट-जरुवा, र किपटमा लिफ्टिङ सिंचाई मिर्मी हिउँदे सिंचाई जस्ता ठूला योजनालाई कार्यान्वयनमा ल्याई विगतमा संचालित अधुरा योजनालाई निरन्तरता दिइने।
- नेपाल सरकार र प्रदेश सरकारको सहयोगमा वडा नं. ५ र वडा नं. ६ को भपेङमा सुरु भएको उद्योग प्रा निरन्तरता दिइने ।
- गाउँपालिकाको प्रशासनिक कार्यालयसँग सबै वडा कार्यालयहरुलाई कालोपत्रे सडकले जोडिने कार्यक्रमलाई यसै वर्षदेखी सबै सामुदायिक विद्यालय र स्वास्थ्य इकाईहरुमा पुर्याउने नीति लिइने।
- डि.पि.आर. सम्पन्न भएका सम्पूर्ण योजनाहरु यसै वर्षदेखि कार्यन्वयनमा लगिने छ।बाकी रहेका योजनाहरु समेतको डि.पि.आर. गरिने।
- संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा उत्पादित वस्तुहरुको संरक्षणको लागि कोल्ड रुम (शित भण्डार) र गोदाम घर निर्माण कार्यालाई निरन्तरता दिइने।
- गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम मार्फत सम्बोधन गर्न नसकिएका आयोजनाहरूको सम्भाव्यता अध्ययनका लागि गाउँपालिकाबाट आवश्यक थप व्यवस्था गरिने।
- सडक नपुगेका वगरसम्म जाने पहुँच मार्ग, सडक नपुगेका टोलहरुमा सडक संजालले जोड्ने र बनिसकेका सडकको स्तरोन्नती गर्ने नीतिलाई निरन्तरता दिईने ।
- पूर्वाधार निर्माणको लागि चाहिने ढुङ्गा, गिट्टी, बालुवाको लागि नदीजन्य स्रोत संकलनलाई थप व्यवस्थित गरिनेछ र अन्य वैकल्पिक स्रोत पहिचान, उत्खनन् तथा प्रशोधन गरी प्रयोग तथा व्यवस्थामा जोड दिईने।

- शालिग्राम लोकमार्ग अन्तर्गतको भृगुतुङ्गेश्वर वडा नं. १ देखि वडा नं. २ सम्मको ट्र्याक खोल्न बाँकी काम यसै वर्ष सम्पन्न गरिने।
- यसै आर्थिक वर्षमा १५ कि.मी. सडक कालोपत्रे तथा ढलान गरिने छ, भने ३० कि . सडक नाली सहितको ग्राभेल गरिने, २१५ कि.मी. सडकको स्तरोन्नती गरिने ।
- Contingency (कन्टिन्जेन्सी) तर्फको कम्तिमा २० प्रतिशत रकम मर्मत सम्भार कोष खडा गरिने।
- सडक गुरुयोजना, पर्यटन गुरुयोजना, खानेपानी गुरुयोजना, सिंचाईको गुरुयोजना, रोजगारी सम्बन्धी र खेलकुद सम्बन्धी गुरु योजना तयार गरिने।
- निर्माणाधिन मिर्मी र चण्डी बसपार्कलाई सम्पन्न गरी आगामी आ.व.बाट प्रयोगमा ल्याइने।

## ज. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

- कर संकलनलाई अझ बढी व्यवस्थित बनाउन र कर प्रशासनलाई प्रभावकारी बनाउन समयमा कर तिर्ने, धेरै कर तिर्ने करदातालाई पुरस्कार र भाका नाघी कर बुझाउने करदातालाई दण्डको व्यवस्था गरिने ।
- राजस्व संकलनको एकिकृत सफ्टवेयर (Software) लाई अध्यावधिक गरिने।
- एकिकृत सम्पत्ति करलाई कडाईका साथ लागु गरिनेछ, संरचना निर्माण गर्दा नक्सा पास अनिवार्य गरिनेछ र सो नगर्ने नागरीकलाई विद्युत, खानेपानी, स्वास्थ्य जस्ता क्षेत्रको सुविधाबाट बञ्चित गरिने।
- करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइने। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनीकरण गर्दै लगिने।
- वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिने।
- ढुङ्गा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्वन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिका बाटै उत्खनन् र प्रशोधन गरी बिक्री गर्ने विधि अवलम्बन गरिने।
- करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइने।
- कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिने ।

- वित्तिय संघीयताको मूल मर्म स्थानीय तहका सरकारहरू स्वयंको वित्तिय क्षमता मार्फत आफ्नो सरकार सञ्चालन गर्न सक्षम हुनुपर्दछ भन्ने नै हो। सेवा प्रवाहमा सन्निकटताको सिद्वान्त र वित्तिय व्यवस्थामा सक्षमताको सिद्वान्त बमोजिम कार्य गर्नु पर्ने भएको हुँदा वित्तिय रुपमा सबलता तथा सक्षमताको विकासका लागी उचित अभ्यास गरिने।
- तोकीएको कर तथा गैरकरको उठति कार्यका लागी समुदाय स्वयं र जनप्रतिनिधीहरूलाई बढी जिम्मेवार बनाउने नीति अख्तियार गरिनेछ।नागरिकले तिर्ने कर र गाउँपालिकाले नागरिकलाई प्रदान गर्ने सेवा- सुविधाका बीचमा प्रत्यक्ष सम्बन्ध कायम हुने संयन्त्रको विकास गरिनेछ। कर सिर्जना, कर दायित्व र कार लाभका विषयमा प्रभावकारी कार्यक्रम संचालन गरिने।
- गाउँपालिकाले भुक्तानी गर्नुपर्ने कर तथा गैरकर रकमको भुक्तानीका लागी आधुनिक प्रविधिको प्रयोग गर्ने कार्यका लागी आवश्यक व्यवस्था मिलाईने।

## झ. रोजगार सम्बन्धी नीति तथा कार्यक्रम

- युवाहरुलाई प्राथमिकतामा राखेर श्रम, पूँजी, सीप र रूचि का आधारमा पर्यटन, कृषि, पशु, उद्योग, यातायात र निर्माण लगायतका क्षेत्रमा आवश्यकता अनुसार प्राविधिक तथा व्यवसायिक तालिम, प्रविधि तथा विउ पूँजीमा अनुदान प्रदान गरी उद्यमशिलता विकास तथा स्वरोजगारी र रोजगारी प्रवर्द्धनका कार्य सञ्चालन गरिनेछ। यस आर्थिक वर्षमा कम्तिमा १००० जनालाई रोजगार सिर्जना गरिने ।
- युवा रोजगारका लागि कृषि कम्पनी र सहकारीमार्फत रुपान्तरणकारी परियोजनाहरू सञ्चालनमा ल्याइनेछ साथै प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालनमा ल्याइने।
- एक घर एक स्वरोजगार विकासका लागी तालिम तथा सहुलियत ऋण प्रदान गर्न एक स्वरोजगार को स्थापना गरिने।
- बैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई स्वदेशमै सीप र क्षमताका आधारमा आयमुलक कार्यमा लाग्न प्रेरित गरिने।

## बजेटका उद्देश्यहरू हासिल गर्न देहाय बमोजिम प्राथामिकता निर्धारणमा परेका नीति तथा कार्यक्रमहरु

- कला, संस्कृतिको संरक्षण, प्रवर्द्धन गर्दै सबै प्रकारका विभेद र असमानताको अन्त्य गरी समन्यायिक विकास र विकासका प्रतिफलमा न्यायपूर्ण पहुँच,
- जैविक विविधता, वन तथा वातावरण संरक्षण, प्रभावकारी विपद् व्यवस्थापन

- सुशासन, पारदर्शिता, गुणस्तरीय सेवा प्रवाह र संस्थागत विकास,
- जनताको स्वास्थ्यमा पहुँच स्थापित गरी स्वास्थ्य सुनिश्चितता कायम,
- शिक्षा, खानेपानी, स्थानीय सडक, ग्रामिण सडक, कृषि, सडक र सिँचाइ, झोलुङ्गे पुल निर्माण, सञ्चार कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु, स्वास्थ्य, सहकारी क्षेत्रको विकास ।

# परिच्छेदः चार

## अनुसन्धनात्मक भाग

### ४.१ बृहत छलफल कार्यक्रमहरूको विवरण

कालीगण्डकी गाउँपालिकाद्धारा गत आर्थिक वर्ष २०८० /८१ मा सम्पन्न गरेका योजना तथा कार्यक्रमहरूको चण्डी खेलमैदानमा सामाजिक परीक्षण विज्ञ समूह टिमलिडर महेन्द्र प्रसाद लामिछानेले देहाय बमोजिमका जिज्ञासाहरू राखुभएको थियो भने उपस्थित सहभागीहरूले उत्तर दिनु भएको थियो । विज्ञ समूह सदस्य रुद्र बहादुर थापाले सहजीकरण गर्नु भएको थियो ।





### ४.२ गत आर्थिक वर्षको यथार्थ आयव्ययको विवरण

वार्षिक अनुमानित आय रकम रु ६६ करोड ७५ लाख २६ हजार २१६ रहेकोमा रु ६० करोड १४ लाख १६ हजार ६ सय र १३ पैसा मात्र प्राप्त भएको । आ.व.को असारको पहिलो हप्ता सम्म चालु तर्फ रु ३५ करोड ५७ लाख ७९ हजार ५५४ मध्ये ६३.८४ प्रतिशत अर्थात २२ करोड ६८ लाख ८६ हजार ७६० र ८२ पैसा खर्च भएको । पूँजीगत बजेट रु. ३१ करोड  २१ लाख ४६ हजार ६६२ मध्ये ४५.९९ प्रतिशत अर्थात रु. १६ करोड ३५ लाख ५६ हजार १४३ खर्च भएको । चालु आर्थिक वर्षको अन्त्य सम्ममा चालु खर्च तर्फ करिब रु.२४ करोड र पूँजिगत तर्फ करिब रु.२० करोड खर्च भएको ।

## ४.३ गत आ.व. २०८० /०८१ को योजनागत विवरण

**योजनागत विवरणः**

जम्मा योजनाः   ३२२ वटा

सम्पन्न योजनाः   ३१७ वटा

कार्यन्वयन नभएका योजनाः छैन

निर्माणाधिन क्रमागत आयोजनाहरुः ८ वटा

**तालिकाः वडागत रुपमा गत आ. व. २०८० /०८१ को योजना विवरणः**

| क्र. स. | वडा नं. | उपभोक्ता समितिबाट कार्यान्वयन भएका योजना | ठेक्काबाट कार्यान्वयन भएका योजना | दररेटबाट कार्यान्वयन भएका योजना | सम्पन्न भएका योजना | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | १ | ४६ | १ | १ | ४७ | ४८ |
| २. | २ | ४७ | १ | ० | ४८ | ४८ |
| ३. | ३ | ४५ | १ | १ | ४६ | ४७ |
| ४. | ४ | ४३ | २ | १ | ४६ | ४६ |
| ५. | ५ | ४६ | ४ | १ | ४९ | ५१ |
| ६. | ६ | ३७ | १ | १ | ३९ | ३९ |
| ७. | ७ | ४१ | १ | १ | ४२ | ४३ |
| जम्मा | | ३०५ | ११ | ६ | ३१७ | ३२२ |

**आ.व. ०८०/८१मा कार्यान्वयन गरिएका योजनाहरूको संख्यातमक विवरणः**

| क्र. सं | विवरण | योजना संख्या | रकम (रु हजारमा) |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कम लागत अनुमान भएका योजना | १६१ | १४०४९.०० |
| २ | रु १ लाख एक देखि पाँच लाख सम्म लागत अनुमान भएका योजना | १४५ | २७९५२.०० |
| ३ | रु ५ लाख एक देखि १० लाख सम्म लागत अनुमान भएका योजना | २४ | २०१४६.०० |
| ४ | रु १० लाख एक देखि ५० लाख सम्म लागत अनुमान भएका योजना | ८ | १५४१७.४४ |
| ५ | रु ५९ लाख भन्दा बढी लागत अनुमान भएका योजना | १० | ४३९७८७.३३ |
| जम्मा | | ३४८ | ५१७३५१.७६ |

## ४.४ योजना तथा कार्यक्रमहरूको वृस्तीत विवरण

कालीगण्डकी गाउँपालिकाको गत आ. व. २०८०/०८१ को योजना तथा कार्यक्रमहरूको वृस्तीत विवरण यसप्रकार छः

**योजना-१**

योजनाको नामः सिमलबारी देखी मुखियाको पँधेरा जाने गोरेटो बाटो निर्माण

आयोजना स्थलः कालीगण्डकी वडा नं. ६

रद्देश्यः सिमलबारी देखी मुखियाको पधेरा जाने गोरेटो बाटो निर्माण गर्ने

अध्यक्षको नामः गुन बहादुर स्वमाई

कोषाध्यक्षः नारायण बिर स्वमाइ

सचिवः दिपा स्वमाइ

सदस्यहरुको नामः राम बहादुर स्वमाइ, हुमा सारु, भगवान सिङ स्वमाइ, बिर बहादुर स्वमाइ

लाभान्वित जनसंख्याः ४५० (महिलाः२५०, पुरुषः२००)

बजेटः रु.१,१०,०००.००

श्रमदानः रु.१०,०००.००

अनुदानः रु. १,००,०००.००

योजना सुरु मितिः २०८०/०६/०४

योजना सम्पन्न मितिः २०८०/११/१०

सञ्चालनः उपभोक्ता मार्फत

योजनाबाट प्राप्त उपलल्धी सिमलबारी देखी मुखियाको पँधेरा जाने गोरेटो बाटोको सुविधा भएको

योजना सम्पन्न गर्दा आइपरेका समस्याहरुः प्रयाप्त मात्रामा बजेट नहुनु

योजनामा १० प्रतिशत जनसहभागिता रहेको ।

योजनाको होडिङबोर्ड राखिएको  छैन ।

**योजना - २**

योजनाको नामः  जरुवा गोरेटो बाटो निर्माण

आयोजना स्थलः वडा नं. ५

उद्देश्यः जरुवा गोरेटो बाटो निर्माण गर्न

अध्यक्षको नामः राम प्रसाद न्यौपाने

कोषाध्यक्षः उमा भट्टराइ पाण्डे

सचिवः चुरामणी न्यौपाने

सदस्यहरुको नामः चुरामणी न्यौपाने, उमा भट्टराइ, तुलसी न्यौपाने, दुर्गा न्यौपाने

लाभान्वित जनसंख्याः ७५ जना (महिलाः ४५ जना, पुरुषः ३०जना)

बजेट रु. १,१०,०४४.००

अनुदान रु.१,००,०००.००

श्रमदान रु. १०,०४४.००

योजना सुरु मितिः २०८०/०९/१५

योजना सम्पन्न मितिः २०८१/११/१५

सञ्चालनः उपभोक्ता समितिबाट

आयोजना बाट प्राप्त उपलल्धिहरुः जरुवा गोरेटो बाटो सुविधा भएको

योजना सम्पन्न गर्दा आइपरेका समस्याहरुः दक्ष श्रमशक्तिको अभाव, न्यून जनसहभागिता

योजनामा १० प्रतिशत जनसहभागिता रहेको ।

योजनाको होडिङबोर्ड राखिएको छैन ।

**योजना -३**

योजनाको नामः मिर्मी खोला तटबन्ध

योजना स्थलः वडा नं. ७

अध्यक्षको नामः भिम प्रसाद भट्टराई

कोषाध्यक्षः पुर्णकला भट्टराई

सचिवः प्रेम नारायण भट्टराई

सदस्यहरुको नामः प्रेम नारायण भट्टराई, पूर्णकला भट्टराई, गुरु प्रसाद भट्टराई, सविता भट्टराई, जैसरा भट्टराई, जिवलाल भट्टराई

बजेटः रु.१,६५,६३२.००

श्रमदानः रु.१५,६३२.००

अनुदानः रु.१,५०,०००.००

योजना सुरु मितिः २०८०/१०/१५

योजना सम्पन्न मितिः २०८० /१२/३०

प्राप्त उपलब्धिहरुः मिर्मी खोलामा तटबन्ध भएको

योजना सम्पन्न गर्दा आइपरेका समस्याहरुः न्यून जनसहभागिता

योजनामा १० प्रतिशत जनसहभागिता रहेको ।

योजनाको होडिङबोर्ड राखिएको छैन ।

**योजना-४**

योजनाको नामः रिप्दि रातेकोन आरगाम्दि मोटरबाटो निर्माण

योजना स्थलः वडा नं. १

अध्यक्षको नामः युवराज स्वमाई

कोषाध्यक्षः शेष कुमारी स्वमाई

सचिवः  सुखदेव ढकाल

सदस्यहरुको नामः हरीसरा स्वमाई, हेमा राना, गणेश बहादुर लामिछाने, यम बहादुर स्वमाई

लाभान्वित जनसंख्याः ४४० जना (महिलाः २३२, पुरुषः २०८)

बजेटः रु. १,६५,३६८.००

श्रमदानः रु.१५,३६८.००

अनुदानः रु.१,५०,०००.००

योजना सुरु मितिः २०८०/०९/२०

योजना सम्पन्न मितिः २०८०/११/०५

सञ्चालनः उपभोक्ता मार्फत

योजनाबाट प्राप्त उपलब्धिहरुः रिप्दि रातेकोन आरगाम्दि मोटरबाटो निर्माण भएको

योजना सम्पन्न गर्दा आइपरेका समस्याहरुः न्यून जनसहभागिता योजनामा १२ प्रतिशत जनसहभागिता रहेको ।

**योजना- ५**

योजनाको नामः बडडाँडा गोरेटो बाटो  निर्माण

योजना स्थलः वडा नं. ४

अध्यक्षको नामः यम बहादुर बोटे

उद्देश्यः बडडाँडा गोरेटो बाटो  निर्माण गर्न

कोषाध्यक्षः विष्णु पाण्डे

सचिवः शिवलाल घर्ति

सदस्यहरुको नामः पशुपति पाण्डे, श्याम प्रसाद पाण्डे, सुभद्रा पाण्डे, जमुना पाण्डे

लाभान्वीत जनसंख्याः ४०० जना

बजेटः रु. ७८,०५२.००

श्रमदानः रु. ७,८५२.००

अनुदानः रु. ७०,०००.००

योजना सुरु मितिः २०८०/०९/२५

योजना सम्पन्न मितिः २०८० /१२/३०

प्राप्त उपलब्धिहरुः बडडाँडा गोरेटो बाटो सुविधा भएको

योजना सम्पन्न गर्दा आइपरेका समस्याहरुः श्रमदान जुटाउन समस्या

योजनामा १० प्रतिशत जनसहभागिता रहेको ।

योजनाको होडिङबोर्ड राखिएको  छैन ।

**योजना-६**

योजनाको नामः चनौटे देखि खोरडाँडा गोरेटो बाटो निर्माण

योजना स्थलः वडा नं. ३

उद्देश्यः चनौटे देखि खोरडाँडा गोरेटो बाटो बनाउन

अध्यक्षको नामः भोज प्रसाद पाण्डे

कोषाध्क्षः चेत बहादुर थापा

सचिवः तारा थापा

सदस्यहरुको नामः पूर्ण बहादुर थापा, रुमी थापा, शिवा थापा, चित्र बहादुर थापा

लाभान्वित जनसंख्याः ४५ जना

बजेटः रु.१,१३,५०८.००

श्रमदानः रु.१३,५०८.००

अनुदानः रु. १,००,००००.

योजना सुरु मितिः २०८०/१०/०७

योजना सम्पन्न मितिः २०८० /११/२५

प्राप्त उपलब्धिहरुः चनौटे देखि खोरडाँडा सम्म गोरेटो बाटोको सुविधा भएको

योजना सम्पन्न गर्दा आइपरेका समस्याहरुः प्रयाप्त बजेटको अभाव, दक्ष कामदारको अभाव

योजनामा १३ प्रतिशत जनसहभागिता रहेको ।

योजनाको होडिङबोर्ड राखिएको छैन ।

**आयोजना - ७**

योजनाको नामः पापराङ् खोला देखि साडुङ्ग हुँदै घाट जाने बाटो निर्माण

योजना स्थलः वडा नं. २

उद्देश्यः पापराङ् खोला देखि साडुङ्ग हुँदै घाट जाने बाटो निर्माण गर्ने

अध्यक्षको नामः हुम बहादुर सिं राना

कोषाध्क्षः गोमा चौहान

सचिवः रोजि राना

सदस्यहरुको नामः केसरी चौहान, मिन बहादुर सिं राना, भिम बहादुर राना, निल कुमारी थापा

लाभान्वित जनसंख्याः २४ जना

बजेटः रु. २,३४,८८३.००

श्रमदानः रु.३४,८४३.००

अनुदानः रु. २,००,०००.००

योजना सुरु मितिः २०८०/१२/१८

योजना सम्पन्न मितिः २०८१/०३/१५

प्राप्त उपलब्धिहरुः पापराङ् खोला देखि साडुङ्ग हुँदै घाट जाने बाटो निर्माण भएको

योजना सम्पन्न गर्दा आइपरेका समस्याहरुः श्रमदान जुटाउन समस्या, गुणस्तरमा ध्यान दिनुपर्ने

योजनामा १६ प्रतिशत जनसहभागिता रहेको ।

योजनाको होडिङबोर्ड राखिएको छैन ।

**योजना- ८**

योजनाको नामः गोवल्दि लामछाना हुँदै भवानी मावि जाने बाटो निर्माण

ठेगानाः  वडा नं. ३

उद्देश्यः गोवल्दि लामछाना हुँदै भवानी मावि जाने बाटो निर्माण गर्ने

अध्यक्षको नामः तील बहादुर थापा

कोषाध्क्षः रचना देगा

सचिवः गोकुल बहादुर थापा

सदस्यहरूको नामः बल बहादुर थापा, नानु कुमारी थापा, कमला पाण्डे, विषेश पाण्डे

लाभान्वित जनसंख्याः ४५ जना

बजेटः रु. १,६३,२१५.००

श्रमदानः रु. १३,२१५.००

अनुदानः रु.१,५०,०००.००

योजना सुरु मितिः २०८०/१२/२७

योजना सम्पन्न मितिः २०८१/०२/३०

प्राप्त उपलल्धिहरुः  गोवल्दि लामछाना हुँदै भवानी जाने बाटोको सुविधा भएको

योजना सम्पन्न गर्दा आइपरेका समस्याहरुः श्रमदान जुटाउन समस्या

योजनामा १० प्रतिशत जनसहभागिता रहेको ।

**आयोजना -९**

योजनाको नामः कट्टिखेल मैदान निर्माण

योजना स्थलः  वडा नं. ४

उद्देश्यः कट्टिखेल मैदान निर्माण गर्ने

अध्यक्षको नामः नर बहादुर थापा

कोषाध्यक्षः बिरमाया राना,

सचिवः होम बहादुर थापा

सदस्यहरुको नामः चेत कुमारी राना, खगिसरा राना, खिम बहादुर राना, होम बहादुर राना

लाभान्वित जनसंख्याः ३०० जना

बजेटः रु.२,२२,१४३.००

श्रमदानः रु. २२,१४३.००

अनुदानः रु.२,००,०००.००

योजना सुरु मितिः २०८०/१२/२२

योजना सम्पन्न मितिः २०८१/०२/१५

प्राप्त उपलब्धिहरुः कट्टिखेल मैदान निर्माणले युवाहरूलाई खेल खेल्न सुविधा भएको

योजना सम्पन्न गर्दा आइपरेका समस्याहरुः श्रमदान जुटाउन समस्या

योजनामा १२ प्रतिशत जनसहभागिता रहेको ।

योजनाको होडिङबोर्ड राखिएको  छैन ।

**योजना- १०**

योजनाको नामः खोल्से ठाँड कुलो निर्माण

योजना स्थलः  वडा नं ७

उद्देश्यः खोल्से ठाँड कुलो निर्माण गर्ने

अध्यक्षः भिम प्रसाद भट्टराई

कोषाध्यक्षः देवका भट्टराई

सचिवः भूपती भट्टराई

सदस्यहरूः जैसरा भट्टराई, कृष्ण प्रसाद भट्टराई, अनन्त भट्टराई, पूर्णकला भट्टराई

लाभान्वित जनसंख्याः २०० जना

बजेटः १,११,०९०.००

श्रमदानः ११,०९०.००

अनुदानः १,००,०००.००

योजना सुरु मितिः २०८०/१२/०१

योजना सम्पन्न मितिः २०८१/०३/१५

प्राप्त उपलब्धीः खोल्से ठाँड कुलोबाट सिंचाइ सुविधा भएको

योजना सम्पन्न गर्दा आइपरेका समस्याहरूः प्रयाप्त बजेटको अभाव हुनु

योजनामा १० प्रतिशत जनसहभागिता रहेको

होडिङ बोर्ड राखिएको छैन

**योजना- ११**

योजनाको नामः सिदुरदि कुलो निर्माण

योजना रहेको स्थानः वडा नं. १

उद्देश्यः सिदुरदि कुलो निर्माण गर्ने

अध्यक्षको नामः सागर मणि पाण्डेय

कोषाध्क्षको नामः बाल भट्टराई

सचवको नामः भूअ शंकर पाण्डेय

सदस्यहरूः सीता पाण्डेय, भूपती पाण्डेय, थानेश्वर पाण्डेय, जुना पाण्डेय

लाभान्वित जनसंख्याः १५० जना (महिलाः७५ पुरुषः ७५)

बजेटः १,०८,१६८.९०

श्रमदानः ११,१६८.९०

अनुदानः १,००,०००.००

योजना सुरु मितिः २०८०/१२/२५

योजना सम्पन्न मितिः २०८०/१२/३०

प्राप्त उपलब्धीः सिंचाईको सुविधा भएको

योजना सम्पन्न गर्दा आइपरेका समस्याहरूः दक्ष श्रमिकको अभाव, ढुवानीमा समस्या

योजनामा ११प्रतिशत जनसहभागिता रहेको

**योजना -१२**

योजनाको नामः बारीचौर सडक ढलान

योजना स्थलः वडा नं.३

उद्देश्यः बारीचौर सडक ढलान गर्ने

अध्यक्षको नामः सूर्य बहादुर राना

कोषाध्क्षको नामः भिम कला राना

सचिवको नामः खड्क बहादुर राना

सदस्यहरूः लोक बहादुर सुनार, युवराज वि क, लिल बहादुर थापा, धन माया थापा, कृष्ण थापा, खुम बहादुर विक

लाभान्वित जनसंख्याः २४० जना

बजेटः ११,०८,०५०.५३

श्रमदानः १,३८,०५०.५३

अनुदानः १०,००,०००.००

आयोजना सुरु मितिः २०८०/१०/२२

आयोजना सम्पन्न मितिः २०८०/१२/०२

प्राप्त उपलब्धीः बारीचौर वैधा सडक धुलो र हिलो मुक्त भई यातायात सुविधा भएको

योजना सम्पन्न गर्दा आइपरेका समस्याहरूः

योजनामा १३.८१ प्रतिशत जनसहभागिता रहेको

योजनाको होडिङबोर्ड राखिएको छ ।

**योजना-१३**

योजनाको नामः टयाङलुङ सिला तटबन्ध

योजना स्थलः वडा नं. २

उद्देश्यः टयाङलुङ सिला तटबन्ध निर्माण गर्ने

अध्यक्षको नामः गंग बहादुर आले

कोषाध्क्षः तुलसी आले

सचिवः निर्मला राना

सदस्यहरूः सीता राना, सीता कुमारी घाहा पुलामी, दिपक राना, एक बहादुर राना

लाभान्वित जनसंख्याः २००

बजेटः १,७८,५७३.११

श्रमदानः ३३,०७३.११

अनुदानः १,५०,०००.००

आयोजना सुरु मितिः २०८०/१२/०८

आयोजना सम्पन्न मितिः २०८१/०१/०७

प्राप्त उपलब्धीः टयाङलुङ सिला तटबन्ध भएको

योजना सम्पन्न गर्दा आइपरेका समस्याः सामाग्री ढुवानी गर्न

योजनामा १८.५२ प्रतिशत जनसहभागिता रहेको

योजनाको होडिङबोर्ड छैन

**योजना- १४**

योजनाको नामः ब्याडमिण्टन कोड मर्मत

योजना स्थलः वडा नं. २

उद्देश्यः ब्याडमिण्टन कोड मर्मत गर्ने

अध्यक्षः गोमा सीं राना

कोषाध्क्षः शेर बहादुर सिं राना

सचिवः सन्दिप थापा

सदस्यहरूः एक बहादुर सिं राना, मञ्जु सिं राना, दिनेश सिं राना, फूलकुमारी सिं राना

लाभान्वित जनसंख्याः ५० जना

बजेटः ५६७९४.०६

श्रमदानः ८२९४.०६

अनुदानः ५००००.००

योजना सुरु मितिः २०८०/१२/०६

योजना सम्पन्न मितिः २०८०/१२/०८

प्राप्त उपलब्धीः ब्याडमिण्टन खेल्न सुविधा भएको

योजना सम्पन्न गर्दा आइपरेका समस्याहरूः दक्ष कामदार जुटाउन र निर्माण सामाग्रीको ढुवानी गर्नमा समस्या परेको ।

योजनामा १४.६० प्रतिशत जनसहभागिता रहेको

**योजना -१५**

योजनाको नामः सल्लाघारी देखि कोट जाने बाटो निर्माण

योजना स्थलः वडा नं. ४

उद्देश्यः सल्लाघारी देखि कोट जाने बाटो निर्माण गर्ने

अध्यक्षः राम प्रसाद भट्टराई

कोषाध्क्षः टीका देवी पाण्डे

सचिवः  प्रेम नारायण पाण्डे

सदस्यहरूः  युवराज पाण्डे, सीता पाण्डे, तिर्थराज पाण्डे, ढुण्डिराज पाण्डे

लाभान्वित जनसंख्याः ३२२ जना

बजेटः २१६४१५.६०

श्रमदानः २२४१५.६०

अनुदानः २०००००.००

योजना सुरु मितिः २०८०/१२/२१

योजना सम्पन्न मितिः २०८१/०३/०९

प्राप्त उपलब्धीः सल्लाघारी देखि कोट जाने सुविधा भएको

योजना सम्पन्न गर्दा आइपरेका समस्याहरूः बजेट अपुग भएकोले योजना अधुरो रहेको

योजनामा १०.३६ प्रतिशत जनसहभागिता रहेको

**योजना -१६**

योजनाको नामः रामकृष्ण मन्दिर निर्माण

योजना स्थलः वडा नं. १

उद्देश्यः रामकृष्ण मन्दिर निर्माण गर्ने

अध्यक्षः तार चन गाहा

कोषाध्क्षः यानीसरा राना घर्ति मगर

सचिवः जीवन घर्ति मगर

सदस्यहरूः तेज कुमारी आले सिंजाली, गोपाल गाहा, तुलसी सारु,  युवराज गाहा

लाभान्वित जनसंख्याः १३५ जना (महिलाः६९, पुरुषः ६६)

बजेटः १६२५०१.७८

श्रमदानः १७००१.७८

अनुदानः १५०००००.००

योजना सुरु मितिः २०८०/०२/२२

योजना सम्पन्न मितिः २०८०/०२/३२

प्राप्त उपलब्धीः धार्मिक कार्य गर्न सुविधा भएको

योजना सम्पन्न गर्दा आइपरेका समस्याहरूः दक्ष जनसक्तिको अभाव साथै ढुवानीमा समस्या र बजेट अभाव र पानीको समस्या

योजनामा १२ प्रतिशत जनसहभागिता रहेको

**योजना - १७**

योजनाको नामः मिलन चोक फूलबारी सडक निर्माण

योजना स्थलः वडा नं. ७

उद्देश्यः मिलन चोक फूलबारी सडक निर्माण गर्ने

अध्यक्षः खेम कान्त भट्टराई

कोषाध्क्षः सुमित्रा अर्याल

सचिवः हिमकान्त पाण्डे

सदस्यहरूः भूपति भट्टराई, इश्वर न्यौपाने, लोक हरी पाण्डे

लाभान्वित जनसंख्याः १२०० जना

बजेटः २,१६,५९०.२३

श्रमदानः २२,५९०.२३

अनुदानः २,००,०००.००

योजना सुरु मितिः २०८०/०२/०१

योजना सम्पन्न मितिः २०८०/०३/०४

प्राप्त उपलब्धीः मिलन चोक फूलबारी देखि मिर्मि बजार जोडेको, यातायात सुविधा भएको योजना
सम्पन्न गर्दा आइपरेका समस्याहरूः क्रमागत गरिरहनु पर्ने जनसहभागितामा कमि ।

योजनामा १०.४३ प्रतिशत जनसहभागिता रहेको

योजनाको होडिङबोर्ड राखिएको छ।

**योजना-१८**

योजनाको नामः केमराधी सिंचाई पोखरी

योजना स्थलः वडा नं. १

उद्देश्यः केमराधी सिंचाई पोखरी निर्माण गर्ने

अध्यक्षः एक देव पाण्डे

कोषाध्क्षः पूर्ण कला थापा

सचिवः सितली कोइराला क्षेत्र

सदस्यहरूः खिम बहादुर थापा, सन्जु कोइराला, श्रीधर कोइराला, मुने दमाई

लाभान्वित जनसंख्याः १५० जना (महिलाः ७५, पुरुषः ७५)

बजेटः १६३१७०.४१

श्रमदानः १७६७०.४१

अनुदानः १५००००.००

योजना सुरु मितिः २०८१/०२/१०

योजना सम्पन्न मितिः २०८१/०२/१८

प्राप्त उपलब्धीः सिंचाई सुविधा भएको

योजना सम्पन्न गर्दा आइपरेका समस्याहरूः तोकिएको समयमा काम सम्पन्न नहुनु ।

योजनामा १० प्रतिशत जनसहभागिता रहेको

**योजना -१९**

योजनाको नामः छाप बस्ती विकास

योजना स्थलः वडा नं. ६

उद्देश्यः छाप बस्ती विकास गर्ने

अध्यक्षः याम बहादुर थापा

कोषाध्क्षः बिमला गाहा बराल

सचिवः धर्मराज बराल

सदस्यहरूः नर बहादुर बराल, कृष्ण कुमारी नेपाली, झमन सिं गाहा, दिल बहादुर बराल

लाभान्वित जनसंख्याः ८६० जना (महिलाः ४८०, पुरुषः३८०)

बजेटः २,१६,७९४.५७

श्रमदानः २,२७,९४.५७

अनुदानः २,००,०००.००

योजना सुरु मितिः २०८१/०१/०५

योजना सम्पन्न मितिः २०८१/०३/१४

प्राप्त उपलब्धीः छाप बस्तीवासीले सुविधा प्राप्त गरेको

योजना सम्पन्न गर्दा आइपरेका समस्याहरूः कामको गुणस्तरमा ध्यान नपुग्नु

योजनामा १०.५१ प्रतिशत जनसहभागिता रहेको

**योजना - २०**

योजनाको नामः भैरवथान मन्दिर निर्माण

योजना स्थलः वडा नं. ५

उद्देश्यः भैरवथान मन्दिर निर्माण गर्ने

अध्यक्षः रेमन सिं थापा

कोषाध्यक्षः गंगा थापा

सचिवः पूर्ण बहादुर राना

सदस्यहरूः लिल बहादुर थापा, कोष बहादुर राना, चोक माया राना, जमुना आले

लाभान्वित जनसंख्याः २०५ जना (महिलाः१०१, पुरुषः १०४)

बजेटः २,१४,८४७.५२

श्रमदानः २०,८४७.५२

अनुदानः २,००,०००.००

योजना सुरु मितिः २०८०/१२/१४

योजना सम्पन्न मितिः २०८१/०१/२४

प्राप्त उपलब्धीः भैरवथान मन्दिरमा पुजा गर्न सुविधा भएको

योजना सम्पन्न गर्दा आइपरेका समस्याहरूः ढुवानीको समस्या

योजनामा १०.४२ प्रतिशत जनसहभागिता रहेको

**योजना -२१**

योजनाको नामः बेलटारी खेल मैदान निर्माण

योजना स्थलः वडा नं. ५

उद्देश्यः बेलटारी खेल मैदान निर्माण गर्ने

अध्यक्षः शालिग्राम न्यौपाने

कोषाध्यक्षः भूपती न्यौपाने

सचिवः गायत्री भट्टराई पाण्डेय

सदस्यहरूः गीता न्यौपाने, टिकाराम न्यौपाने, हरीकृष्ण पाण्डेय, रुपा तिवारी

लाभान्वित जनसंख्याः ५०३ जना

बजेटः ४,३१,५३४.९९

श्रमदानः ४३,५३४.९९

अनुदानः ४,००,०००.००

योजना सुरु मितिः २०८१/०१/२०

योजना सम्पन्न मितिः २०८१/०२/२०

प्राप्त उपलब्धीः बेलटारी खेल मैदान निर्माण भएको

योजना सम्पन्न गर्दा आइपरेका समस्याहरूः प्रयाप्त बजेटको अभाव, दक्ष कामदारको अभाव

योजनामा १०.८८ प्रतिशत जनसहभागिता रहेको

योजनाको होडिङबोर्ड राखिएको छ।

**योजना -२२**

योजनाको नामः पुत्लेसा मूल संरक्षण

योजना स्थलः वडा नं. ६

उद्देश्यः पुत्लेसा मूल संरक्षण गर्ने

अध्यक्षः रेशम राज न्यौपाने

कोषाध्क्षः एक बहादुर सारु

सचिवः विष्णु देवी न्यौपाने

सदस्यहरूः चन्द्रकान्त न्यौपाने, राम प्रसाद न्यौपाने, यम लाल न्यौपाने, आषिश कुमार स्वमाई, बाल सिङ दर्लामी, माया स्वमाई, देवी भट्टराई, गुन बहादुर स्वमाई

लाभान्वित जनसंख्याः ३०० जना (महिलाः १६०, पुरुषः १४०)

बजेटः १६१९८५.४८

श्रमदानः १६४८५.४८

अनुदानः १५००००.००

योजना सुरु मितिः २०८१/०२/०१

योजना सम्पन्न मितिः २०८१/०२/१४

प्राप्त उपलब्धीः पुत्लेसा मूल संरक्षण भएको

योजना सम्पन्न गर्दा आइपरेका समस्याहरूः ढुवानीको समस्या, दक्ष कामदारको अभाव, गुणस्तरमा सुधार गर्नुपर्ने

योजनामा १०.१८ प्रतिशत जनसहभागिता रहेको

**योजना -२३**

योजनाको नामः श्री चन्द्रोदय आ.वि. को शौचालय मर्मत

योजना स्थलः वडा नं. ४

उद्देश्यः श्री चन्द्रोदय आ.वि. को शौचालय मर्मत गर्न

अध्यक्षः दिपक प्रसाद पाण्डेय

कोषाध्क्षः राधा पाण्डेय

सचिवः लुम कान्ती पाण्डेय

सदस्यहरूः शेषकान्त पाण्डेय, पिम्मला न्यौपाने, तुलसा पाण्डेय, ज्योती विक, रमेश प्रसाद पाण्डेय, यादव प्रसाद पाण्डेय, मिना गैरे पाण्डेय, योगेश कुमार पाण्डेय

लाभान्वित जनसंख्याः ४० जना

बजेटः १०८६३३.१९

श्रमदानः ११६३३.१९

अनुदानः १०००००.००

योजना सुरु मितिः २०८१/०२/०२

योजना सम्पन्न मितिः २०८१/०२/२०

प्राप्त उपलब्धीः श्री चन्द्रोदय आ.वि. को शौचालय सुविधा भएको

योजना सम्पन्न गर्दा आइपरेका समस्याहरूः ढुवानीको समस्या, दक्ष कामदारको अभाव, मापदण्ड अनुसारको गुणस्तर कायम गर्नु पर्ने ।

योजनामा १०.७१ प्रतिशत जनसहभागिता रहेको

## ४.५ सम्पादित मुख्य मुख्य उपलब्धीहरू

- सामाजिक र आर्थिक विषयबस्तु समेटी तथ्याङ्कीय विश्लेषण गरेर स्थानीय आर्थिक सर्वेक्षण प्रकाशन गरेको।
- विधिको शासनमा आधारित पारदर्शी, जवाफदेही, परिणाममुखी एवं नागरिकमैत्री शासन व्यवस्था कायम गर्न आवश्यक कानुनहरू निर्माण गरेको।
- योजना बैंकमा आधारित भई योजनाहरू सञ्चालन गर्ने गरेको
- गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संरचना जनशक्ति र कार्य विवरण तयार गरी कार्यन्वयनमा ल्याएको ।
- वडा तथा गाउँपालिका केन्द्रबाट उठ्ने राजश्व अनलाइनबाट संकलन गर्ने गरेको।
- कार्यपालिकाका नियमित सूचना, सभा र कार्यपालिका निर्णयहरू Website मार्फत सार्वजनिक गरेको।
- एक घर एक धारा अभियानमा ४२६२ घरधुरीमा धारा जडान भएको।
- विर्घा लि.सिँचाई नमुना आयोजनाको रुपमा सम्पन्न भएको।
- स्याङ्जा जिल्लाकै नमुना बहुउद्देश्य रङ्गशाला निर्माण भएको।
- वडा नं ३ को बारीचौर र बगनासकाली गाउँपालिकाको पाल्पाको मन्द्रानकको बीचमा गाउँपालिकाकै अग्लो झोलुङ्गेपुल र गहलाम घाटको झोलुङ्गेपुल निर्माण भएको।
- स्याङ्जा, पाल्पा गुल्मी जोड्ने नेपालकै नमुना तीनमुखे झोलुङ्गेपुल निर्माण सम्पन्न भएको।
- रुद्रवेणी, रानीघाट र आँधीमुहानमा मोटरेवल पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएको
- राजश्व संकलन लक्ष्यको ६० प्रतिशत प्रगति हासिल भएको
- कृषिमा एकल महिला लक्षित कार्यक्रम संचालन भएको
- संघ सरकार सहकारी र गाउँपालिकाको संयुक्त लगानीमा एक खाद्य गोदाम निर्माण भएको
- एक विद्यालय एक टेबल टेनिस कोर्ट

- एक वडा एक व्याडमिन्टन कोर्ट
- एक टोल एक खेल मैदान
- गाउँपालिका भित्र निर्माण हुने भवन, सरकारी कार्यालय, विद्यालयहरूको भवन भूकम्प प्रतिरोधात्मक प्रविधीको प्रयोग अनिवार्य गरिएको ।
- वडा नं. ७ मिर्मी बजारमा ढल निकास कार्य भएको।
- वडा नं. ४ को वडा कार्यालय घेराबारको काम सम्पन्न भएको
- ०८०/८१ को चौमासिक सम्ममा १२८ वटा विद्युतिय चुलो वितरण भएको
- गाउँपालिका भरी सम्पूर्ण बस्तिमा काठको पोल पूर्णरुपमा विस्थापन गरिएको ।
- सबै घरधुरीमा बिजुलि बत्ती पुऱ्याएको
- सातवटै वडाको वडाकार्यलयमा बिद्युत ब्याकअप जडान गरेको।
- मुख्य मुख्य सडक र चोकहरूमा सडक बत्ती जडान भएको
- गाउँपालिकाको सबै सरकारी कार्यलयहरूमा इन्टरनेटको पहुँच पुगेको
- डिजिटल भिलेज प्रोफाइल तयार गरेको ।
- गाउँपालिकाका ७ वटै वडामा करिब १ लाख ५० हजार बेर्ना हिउदे तरकारी वितरण भएको जसबाट करिव ७०० घरधुरी लाभाम्वित भएको
- वडा नं. ५ मा २४ क्विन्टल र वडा नं ७ मा ३४ क्विन्टल आलुकको बिउ वितरण गरेको ।
- पशुमा लाग्ने रोग बाट बच्न सात वटै वडामा भ्याक्सिन कार्यक्रम सञ्चालन भएको
- १० वटा मत्स्य फर्मलाई माछाका भुरा वितरण भएको
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत स्तरोन्नती मार्फत सिलाई कटाई र ब्युटी पार्लर, डल, कुसन बनाउने तालिम र सरफ, साबुन, हारपिक बनाउने तालिम सञ्चालन भएको ।
- वडा नं. ६ को छाप र अस्पतालमा डिजिटल होडिङ्ग बोर्ड राखिएको।
- सबै स्वास्थ्य संस्थाहरूलाई तौल मेसिन प्रदान गरिएको
- गाउँपालिका भरी वडा नं. ७ बाहेक ६ वटा वडाहरूमा टोल सिकाइ कार्यक्रम सञ्चालन भएको

- विद्यालयमा हाप्पिनेस कार्यक्रम लागु गर्नको लागि विभिन्न विद्यालयका ७ जना शिक्षकहरूलाई भारतको नयाँ दिल्लीमा तालिम तथा सिकाइको लागि पठाईएको
- अन्तराष्ट्रिय नारी दिवसको अवसरमा उत्पादन प्रदर्शनी तथा सम्मान कार्यक्रम मार्फत ५७ समूहका उद्यमीद्वारा उत्पादित सामाग्रीको प्रदर्शनीगरी उत्कृष्टलाई पुरस्कृत गरेको।
- ग वर्गका ४१ जना अपाङ्गता भएका व्यक्तिलाई मौरीको घार वितरण गरेको ।

# परिच्छेदः पाँच

## सामाजिक परीक्षणका निष्कर्षहरू

कालीगण्डकी गाउँपालिका स्याङ्जाले आफ्नो गाउँपालिकाद्वारा अघिल्लो आ.व. २०८०/८१ मा सम्पादित योजना तथा कार्यक्रमहरुको सामाजिक परीक्षण गर्ने व्यवस्था भए अनुसार अध्ययन तथा अवलोकन गर्ने काम सम्पन्न भएको छ । हामीले अध्ययन तथा अवलोकन गरेका योजनाहरू सम्पन्नताको प्रकृतिलाई हेर्दा योजनाहरू विधिवत ढंगले सम्पन्न भएको पाइयो । हामीले सामाजिक परीक्षणको सन्दर्भमा वडास्तरमा निर्वाचित जनप्रतिनिधिहरू, सम्बन्धित योजनाका उपभोक्ताहरु, उपभोक्ता समितिका पदाधिकारीहरु र गाउँपालिकास्तरमा गाउँपालिकाका अध्यक्षज्यूको अध्यक्षतामा जनप्रतिनिधिहरु, कर्मचारीहरु र गैससका प्रतिनिधिहरु सहित भेलाको आयोजना गरि अन्तरक्रियात्मक छलफलद्धारा राय लिने प्रयास गरेका थियौं । भेलामा प्राप्त राय सुझाव तथा जिज्ञासाहरुलाई टिपोट गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

सामाजिक परीक्षण विधि प्रत्यक्ष सरोकारवालाहरू अर्थात वडास्तमा र गाउँपालिकास्तरमा बैठक बसि छलफल सहित लिखित निर्णय भएको छ । प्राप्त सुझावलाई मात्र आधार नबनाइ योजना सम्पन्न भएका स्थानहरूमा गएर प्रत्यक्षरुपमा योजनाहरूको चालु अवस्था र सम्पन्न गर्दाको अवस्था तथा हाल प्राप्त हुन थालेका उपलब्धिहरूका बारेमा बुझ्ने काम भएको छ । गाउँपालिकाबाट तर्जुमा गरिएका ऐन नियम तथा कार्यविधि, योजना पुस्तिका, नीति तथा वार्षिक योजना, वार्षिक प्रतिवेदन, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र गाउँपालिकाबाट प्रकाशित राजपत्र आदिको समेत अध्ययन गरी सामाजिक परीक्षणका निष्कर्षहरूलाई बुँदागतरुपमा देहाय बमोजिम उल्लेख गरिएको छः -

- गाउँपालिकाबाट तर्जुमा गरि लागु गर्नुपर्ने कानुनहरूको तर्जुमा भएको पाइयो ।
- राजपत्र प्रकाशनलाई महत्व दिएको देखियो ।
- गाउँपालिकावासीलाई चुस्त दुरुस्त सेवा प्रवाहको लागि गाउँ कार्यपालिकाको कार्यालयको व्यवस्थापन सुधारोन्मुख छ ।
- गाउँ कार्यपालिकाको कार्यालय विषयगत शाखाहरू र वडा कार्यालयहरूमा प्रविधिको उपयोगमा जोड दिइएको पाइयो ।

- गाउँपालिका अध्यक्ष सहित सम्पूर्ण जनप्रतिनिधिहरू जनसरोकारका विषयहरूमा बढी केन्द्रिकृत भइ कार्य गरेको देखिन्छ ।
- सम्पन्न भएका योजनाहरू प्रकृयागत ढंगबाट सम्पन्न भइ लाभ दिन थालेको पाइयो ।
- उपभोक्ता समितिका पदाधिकारीहरू योजना सम्पन्न गर्दा बजेटको अपुग भएको गुनासो आयो ।
- योजनाको लागत स्टिमेट थोरै तर योजनाको प्रत्येक इकाई लागत बढी भएको गुनासो आयो ।
- गोरेठो बाटाहरु निर्माण गर्दा ढलान प्रविधिमा ध्यान दिनुपर्ने देखियो, ढलान गरिएको गोरेठो बाटोमा हिड्ने मान्छे र गाइवस्तु पल्टेर घाइते तथा अङ्गभङ्ग नै हुने अवस्था भयो भन्ने जनगुनासो आयो ।
- जिल्ला दर रेट र वास्तविक स्थानको दर रेटमा फरक भएको हुनाले ढुवानीमा समस्या भएको गुनासो पाइयो ।
- दक्ष जनशक्तिको अभाव, गुणस्तमा ध्यान दिनु पर्ने, प्रयाप्त बजेटको अभाव, न्यून जनसहभागिता , पानीको अभाव, समयमै योजना सम्पन्न नभएको जस्ता गुनासोहरू आयो
- योजना कार्यान्वयनमा ठेक्का पट्टा भन्दा उपभोक्ता समिति मार्फत गर्न गाउँपालिकाले जोड दिएको देखियो ।

## ५.१ सामाजिक परीक्षणले औंल्याएका सवालहरू

गाउँपालिकाको सामाजिक परीक्षण गर्ने सन्दर्भमा कार्यविधिमा ब्यवस्था भए अनुसार सैद्धान्तिक तथा व्यवहारिक औपचारिक तथा अनौपचारिक लिखित तथा मौखिक सबै तरिकाहरू अवलम्बन गर्ने कार्य भयो ।

यसरी प्राप्त भएका सवालहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छः-

- योजना सम्झौता भएपछि योजना कार्यान्वयन गर्नु अघि उपभोक्ता समितिका सदस्यहरूलाई तालिमको ब्यवस्था गर्ने सम्बन्धमा ।
- बजेट विनियोजन गरेर योजनाको Detail Survey गर्दै आएकोमा आगामी आर्थिक वर्ष देखि पहिला Detail Survey गरेर मात्र लागत स्टिमेटका आधारमा बजेट विनियोजन गर्ने प्रणालीको विकास गर्ने सम्बन्धमा ।
- समयमा नै योजनाको सम्झौता गरी सम्पन्न गर्ने सम्बन्धमा ।

- भौगोलिक अवस्था अनुसारको प्रविधि प्रयोग सम्बन्धमा

## ५.२ सवालहरू सम्बोधन

प्रतिवेदन तयार गर्दा उपभोक्ताहरू, निर्वाचित जनप्रतिनिधिहरू, कर्मचारीहरू, राजनैतिक दलका प्रतिनिधिहरूको राय लिइ यो प्रतिवेदन तयार गरिएको छ । सरोकारवालाहरू बर्षौंदेखि काम गरी अनुभव प्राप्त ब्यक्तिहरू भएका कारण गाउँपालिकाले भविष्यको योजना तर्जुमा गर्दा अर्थात कानुनहरूको तर्जुमा गर्दा प्रतिवेदनमा उठाइएका सवालहरूलाई सम्बोधन गर्न सकेमा अहिले औंल्याइएका यी सवालहरू भविष्यका मार्गदर्शक हुन सक्छन् । त्यती मात्र होइन चालु आ. व. मा देखिएका सवालहरू आगामी आ. व. मा दोहोरिन पाउँदैनन् । यहि तथ्यलाई हृदयङ्गम गरि कालीगण्डकी गाउँपालिका अध्यक्षज्यूको अध्यक्षतामा बसेको सर्वपक्षीय भेला तथा गाउँ कार्यपालिकाले यसलाई गाउँसभामा पेश गरि कार्यन्वयन हुने छ ।

## ५.३ सुझावहरू

सामाजिक परीक्षण कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो । जसमा सरोकारवालाहरूले सामाजिक कार्य सम्पादनमा भविष्यमा गर्न सकिने सुधारको अपेक्षा राख्दछन् । आर्थिक लेखा परीक्षणमा परीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् भने सामाजिक परीक्षणमा परीक्षकले कार्यपालिका सदस्य, कर्मचारी, सेवाग्राही समुदाय, नीति निर्माता सबैलाई सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ । आफ्नो मूल्याङ्कन प्रत्यक्षरुपमा स्वयंले गर्ने संस्कार बोकेको यो प्रणालीबाट प्राप्त सुझावहरूलाई गाउँकार्यपालिकाले ग्रहण गरेमा भविष्यमा कार्यक्रम कार्यान्वयनमा आउन सक्ने त्रुटिमा कमी आउन सक्छ । स्थानीय तहबाट भएका कामहरूबाट सामाजिक उपलब्धि कति हाँसिल भए सोको विश्लेषणबाट प्रभावसम्मको अवस्थाको आकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी मानिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुशरण सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न गाउँपालिकालाई ठूलो टेवा पुग्ने मानिन्छ । यसैका आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यको लागि यसका निश्कर्षहरूले सघाउ पुर्याउने विश्वास लिइ

प्रस्तुत भएका सवालहरूलाई समेत मध्यनजर गरि बुँदागतरुपमा देहाय बमोजिम उल्लेख गरिएको छ ।

१.कालीगण्डकी गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम नीति कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गरेको पाइयो ।

२.कालीगण्डकी गाउँपालिकाबाट सेवा प्रवाह गर्ने सन्दर्भमा जनसहभागिता, पारदर्शिता, उत्तरदायित्व, स्थानीय श्रोत र साधनको उपयोग आदि सवालमा विशेष ध्यान दिइएको पाइयो ।

३.दिगो विकासको लागि आवश्यक कानुनहरूको तर्जुमा गर्नुका साथै अनुगमन प्रणालीलाई थप व्यवस्थित बनाएको देखियो ।

४. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, नागरिक वडापत्रको व्यवस्था, प्रत्येक चौमासिकमा प्रगति सार्वजनिक गर्ने र सूचना अधिकारीको व्यवस्था आदि कार्यहरू भइरहेको पाउँदा गाउँपालिकाले सुशासन प्रवद्धर्नमा पहल गरेको देखियो ।

५.स्थानीय सरकारको रुपमा स्थापीत कालीगण्डकी गाउँपालिकाबाट सम्पादित काम प्रति वासीन्दाहरू खुशी हुनुको साथै जनप्रतिनिधि प्रति विश्वास्त रहेको पाइयो ।

**अब गर्नुपर्ने:**

- सम्झौता भएका योजनाहरूमा निर्माण व्यवसायी तथा उभोक्ता समितिहरूलाई छिटो कार्य सम्पन्न गर्न समन्वय तथा निरन्तर प्रभावकारी अनुगमन गर्नुपर्ने ।
- उपभोक्ता समितिका पदाधिकारीहरुलाइ योजना सञ्चालन सम्बन्धी क्षमता विकास तालिम उपलव्ध गराउनु पर्ने ।
- सडक सञ्जाललाई दिगो र भरपर्दो बनाउनु पर्ने ।
- विकट क्षेत्र रहेका कारण भएका जटिलतालाई समाधानमा जोड दिनुपर्ने।
- कतिपय बितरणमुखी प्रकारका कार्यक्रमहरू सञ्चालन गर्न कानुनी तथा प्रक्रियागत जटिलता रहेकोले बजेट निर्माण गर्दा नै कार्यन्वयनयोग्य योजना छनौट गर्नुपर्ने ।
- जनप्रतिनिधिहरुले आ—आफ्नो वडामा रहेका योजनाहरू सम्पन्न गर्न निरन्तर समन्वय तथा सहकार्य गर्नुपर्ने ।

- आयोजनाहरूको होडिङ बोर्ड राख्नु पर्ने ।
- जिल्लाको दर रेट र कालीगण्डकी गाउँपालिकाको दर रेट मिलान गर्नुपर्ने ।

**गाउँपालिकाबाट धेरै राम्रा कार्यहरूको प्रारम्भ हुँदाहुँदै पनि योजना तर्जुमा र कार्यान्वयनको चरणमा उठाइएका सवालहरूः**

- योजनाको प्राथमिकता निर्धारण पछि मात्र लागत स्टिमेटको आधारमा बजेट विनियोजन गर्ने,
- योजना कार्यान्वयन गर्नु अघि उपभोक्ता समितिका पदाधिकारीहरूलाई योजना कार्यान्वयन सम्बन्धी तालिमको ब्यवस्था गर्ने,
- पूर्वाधार विकासको साथसाथै सामाजिक विकास र योजना तर्जुमामा प्राथमिकता दिने,
- छुवाछुत मुक्त, बालमैत्रीयुक्त, लैंङ्गिक हिंशामुक्त वडा तथा गाउँपालिका घोषणा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।

माथि उल्लिखित कार्यमा जोड दिन सके भविष्यमा यो गाउँपालिका स्याङ्जा जिल्लामा सामाजिक उत्तरदायित्व पूरा गर्ने स्थानीय तहमा अव्वल बन्न सक्ने देखिन्छ ।

# माईन्यूट

आज मिति २०८२ असार ५ गते स्याङ्जा जिल्ला कालीगण्डकी गाउँपालिकाद्वारा आ.व. २०८०/०८१ मा सञ्चालित आयोजनाहरुको अवलोकनको क्रममा कालीगण्डकी गा.पा. को आयोजना र कृतज्ञ इन्जीनियरीङ प्रा.लि. को सहजीकरणमा निम्न उपस्थितिमा उपभोक्ताहरुसँग छलफल कार्यक्रम सम्पन्न भयो।

तपशिल:-

१ चण्डी खेल मैदान योजना, कालीगण्डकी-१

उपस्थिति:-

| हस्ताक्षर | नामथर | पद/संस्था | सँपर्क नं. |
| --- | --- | --- | --- |
| | रमेश कुमार श्रेष्ठ | उपभोक्ता स. अध्यक्ष | ९८६३०४११७५ |
| | पितम्बर थापा | कोषाध्यक्ष | ९८१६११३००३ |
| | डोलप्रसाद नेवार | सदस्य | ९७०८५२०६७२ |
| | सुमन थापा | कम्प्युटर अपरेटर | ९८४७५६४२८५ |
| | पृथ्वी ब. सिंजाली | उपभोक्ता | ९८६८८४०००२ |
| | लालकुमार श्रेष्ठ | सदस्य | ९८६६३०६४७२ |
| | अनिल सहनी | वडा प्राविधिक | ९७६६८१०२१ |
| | मिलन थापा | ,, ,, | ९८४२३३६८४८ |
| | महेन्द्रप्रसाद लामिछाने | कार्यकारी निर्देशक कृतज्ञ इन्जीनियरीङ प्रा.लि. | |
| | कुलबहादुर थापा | निजा, ,, ,, ,, | ९८४६०२४३१० |

# कार्यक्रमका तस्बिरहरु











